# दोस्रो अध्याय

## २. उपनिवेश, उपनिवेशवाद र उत्तरऔपनिवेशिकतावादको अवधारणा एवं परिचय

### २.१ 'उपनिवेश' को अर्थ र परिभाषित स्वरूप

संस्कृत भाषाको शब्द 'उपनिवेश' लाई नेपाली भाषामा प्रभाव, प्रभुत्व, आधिपत्य आदिको रूपमा प्रयोग गरिन्छ । 'उपनिवेश' शब्दको व्युत्पत्ति लेटिन भाषाको 'कोलोनिया' शब्दबाट भएको हो । जसको अर्थ किसान वा फार्मर हो । [१] एवम् यही 'कोलोनिया' शब्द अङ्ग्रेजी भाषामा 'कोलोनी' शब्दको रूपमा रूपान्तरन भई प्रचलित हुँदै आएको छ । मूलरूपमा 'उपनिवेश' भन्नाले कुनै एउटा स्थायी मानिएको व्यवस्थालाई नयाँ प्रभावशाली व्यवस्थाले किनारीकृत गरेर आफ्नो आधिपत्य वा प्रभाव खडा गर्नु भन्ने बुझिन्छ।

विभिन्न शब्दकोशमा उपनिवेशको अर्थ र परिभाषा भिन्न-भिन्न रूपमा प्रयोग भएको देख्न पाइन्छ । संस्कृत, हिन्दी, बङ्गला, अङ्ग्रेजी, नेपाली आदि शब्दकोशहरूले उपनिवेशको अर्थ र परिभाषा आ-आफ्ना प्रकारले बताएका भेटिन्छन् । तथापि पनि मूल अभिप्राय एउटै रहेको पाइन्छ।

**संस्कृत हिंदी कोश**मा एक ठाउँबाट अर्को ठाउँमा गएर बस्नु, अर्कै ठाउँबाट आएर बसोबास गरेका मान्छेहरूको बस्ती, एउटा देशको नागरिक 'उपनिवेश' हो भनि अर्थ्याएको भेटिन्छ । [२] **हिंदी शब्दसागर**ले "उपनिवेश भन्नाले राखिएको, गरिएको, बसाइएको" [३] भन्ने अर्थमा देखाउँछ । **हिंदी-बंगला-अंग्रेजी कोश**अनुसार एक विशेष मुलुकका वासी अन्य मुलुकमा आएर स्थायी रूपमा बस्न शुरू गर्नु नै उपनिवेश हो । [४] **लोक भारती बृहत प्रामाणिक हिन्दी कोश**ले नौलो स्थानबाट आएर बसाइएको बस्ती, शासन नै 'उपनिवेश' हो [५] भनेर अर्थ्याइएको पाइन्छ ।

**सम्सद इङ्गलिस-बंगला डिक्सनरी**ले कुनै भिन्नै राष्ट्रको अधिन भूमि नै 'उपनिवेश' हो [६] भनेर परिभाषित गरेको पाइन्छ । यसरी नै **बांगला विश्वकोष**अनुसार 'उपनगर, कृषि-वाणिज्य आदि तथा वास गर्नुकोलागी अधिकरण गरिएको कुनै विदेशी भूमिहरू स्वदेश छोड़ेर अन्य देश या

---

१. **https://googleweblight.com** १-८-२०१८

२. वामन शिवराज आप्टे, सन् २००७, **संस्कृत-हिन्दी कोश**, दिल्ली, पृ. सं २०६ ।

३. श्याम सुन्दर दास, सन् १९६७, **हिंदी शब्दसागर**, वाराणासी, पृ. सं. ६०४ ।

४. सन्- १९८८, **हिंदी-बंगला-अंग्रेजी त्रिभाषा कोश**, नई दिल्ली, पृ. सं. २५७ ।

५. आचार्य रामचन्द्र वर्मा (मूल सम्पा.), सन् २००४, **लोक भारती बृहत् प्रामाणिक हिन्दी कोश**, इलाहाबाद, पृ. सं. १२१ ।

६. विरेन्द्र मोहन दासगुप्त (सम्पा), सन् १९५९, **सम्सद इङ्गलिस-बंगाली डिक्स्नरी**, पृ. सं. २०० ।

स्थानमा बसाई सर्नु' [७] लाई 'उपनिवेश' भनेको पाइन्छ । **द अक्सफोर्ड पेपरब्याक अमेरिकन डिक्सनरी**ले 'उपनिवेश' भन्नाले 'अन्य भूभागमा बस्ने कुनै एक विशेष समुदायले अर्का समुदायमाथि आफ्नो हुकुमत चलाउनु' [८] भनेर अर्थ लगाइएको पाइन्छ । **इन्साइक्लोपिडियाब्रिटानिका**अनुसार कुनै एउटा मुलुकको वासिन्दा अर्को नयाँ मुलुक गएर बसोबास गर्ने प्रक्रिया विशेष नै 'उपनिवेश' हो । [९] उपनिवेशहरूमा गएर बसोबासो गर्ने मान्छेहरूका झुण्डअर्कोतिर 'उपनिवेशको गठन एक यस्तो मानवीय प्रवृति हो जहाँ मानिसले आफ्ना गृह नगरको साँध-सिमाना नाँघेर अन्य नव क्षेत्रमा विस्तार गर्ने कार्य एवम् जसले इतिहासलाई व्यापक रूपमा प्रभावशाली तुल्याएको हुन्छ' [१०] भनेर **क्रम्प्टन्स पिक्चर्ड इन्साइक्लोपिडिया एण्ड फ्याक्ट इन्डेक्स**ले बताएको पाइन्छ । यसै क्रममा **इन्साइक्लोपिडिया अमेरिकाना**अनुसार उपनिवेश भन्नाले अठारौँ शताब्दीसम्ममा आइपुग्दा गोराहरूद्वारा प्राकृतिक तथा राजनैतिक रूपमा शासन र शोषण गरिएका क्षेत्रहरू हो । [११] **इन्कार्टा वर्ल्ड इङ्ग्लीस डिक्सनरी**अनुसार 'उपनिवेश' भन्नाले कुनै एउटा देशलाई वा त्यसको क्षेत्रलाई अर्कै देशद्वारा गरिएको शासन, उत्तर अमेरिकामा १३ वटा राज्यहरूका माध्यम बसाइएको बस्ती, उपनिवेशितहरूको बस्ती, उपनिवेशहरूमा गएर बसोबासो गर्ने मान्छेहरूका झुण्ड एउटै राष्ट्रियता वा एउटै जातीयता, एकै प्रकारका कार्य गर्ने, एकै समान प्रकारका परिस्थितिलाई झेल्दै एकैसाथ वा एका-अर्काका नगीच बाँच्ने क्षेत्र जहाँ झुण्डबस्तछन्, पशुहरूको वा उद्भिद्हरूको झुण्डवा जीवहरूको थुप्रो आदि हो । [१२] **ए डिक्स्नरी अफ सोसियोलजी**अनुसार 'उपनिवेश' भनेको विकाशशील देशहरूद्वारा एशिया, अफ्रिका, अष्ट्रेलिया, लेटिन अमेरिका आदि क्षेत्रमा गरेका आफ्नो राजनैतिक आधिपात्यको स्थापना हो । [१३] **नेपाली वृहत शब्दकोश**अनुसार **'**उपनिवेश' भन्नाले कुनै शक्तिशाली देशले आफ्नो साम्राज्यको विस्तार गर्न हेतु विदेशमा बसालेको खास अधिकारबाट वञ्चित वा आंशिक अधिकार मात्र प्राप्त प्रान्त हो भन्ने बुझिन्छ। [१४] **शब्दार्थ नेपाली शब्दसागर**ले एक ठाउँ, राज्य वा देशबाट अर्का ठाउँ, राज्य वा देश तथा महाप्रदेशमा गएर बस्ने काम, सामुहिकरूपमा बसोबास गर्न बनेका घरहरू, अन्यत्र ठाँउबाट अन्यत्र ठाउँबाट बसाई सरेर बस्न आइपुगेका उस्तैउस्तै गुण वा धर्मरहेकाहरूका बस्तीलाई

---

७. नगेन्द्रनाथ वशु (सङ्कलक), सन् १९८८, **बांगला विश्वकोष**, पृ. सं. ४०७ ।

८. डोलोर्स ह्यारीस, विलियम ए.स्टेवार्ट (अमेरिकी-सम्पा), सन् १९८६, **द अक्सफोर्ड पेपरब्याक अमेरिकन डिक्स्नरी**, पृ. सं. ११३ ।

९. सन् १९६३, **इनसाइक्लोपिडिया ब्रिटानिका**, भो. ७, कोकर टू डायस, इङ्ग्ल्याण्ड, पृ. सं. ८५ ।

१०. सन् १९५६, **क्रम्पटन्स् पिक्चर्ड इन्साइक्लोपिडिया एण्ड फ्याक्ट इन्डेक्स**, भो. ३, सिकागो, पृ. सं. ३८९-३९० ।

११. सन् १९८९, **इन्साइक्लोपिडिया अमेरिकाना**, भो. ७, पृ. सं. ३०२ ।

१२. क्याथी रूनी (प्रमुख सम्पा.), सन् १९९९, **इन्कार्टा वर्ल्ड इङ्ग्लीस डिक्सनरी**, चेन्नई, पृ. सं. ३७७ ।

१३. गोर्डेन मार्सल (सम्पा), सन् १९९८, **ए डिक्स्नरी अफ सोसियोलजी**, पृ. ९२-९३ ।

१४. बालकृष्ण पोखरेल (सम्पा.), सन् १९८३, **नेपाली वृहत शब्दकोष**, काठमाडौं, पृ. सं. ११० ।

'उपनिवेश' भनेर अर्थाएको पाइन्छ । [१५] **प्रयोगात्मक नेपाली शब्दकोष**अनुसार ' भारत धेरै वर्षसम्म वेलायतको उपनिवेश रहेको थियो ठीक त्यसरी नै कुनै शक्तिशाली देशको अधीनमा रहेको देश, कुनै शक्तिशाली देशले अर्को देशमा जमाउने प्रभुत्व तथा साम्राज्यनै 'उपनिवेश' हो' [१६] भन्ने बुझिन्छ । **एकता कन्साइज इङ्गलिस-नेपाली डिक्सनरी**अनुसार अर्को देशको राजनैतिक नियन्त्रणमा रहेको देश, भूमि वा ब्रिटिस साम्राज्यका समयमा त्यसका राजनीतिक शासनमा रहेका सबै विदेशी भूमिनै उपनिवेश हो [१७] भन्ने बुझिन्छ।

अतः उपर्युक्त शब्दकोशहरूको आधारमा उपनिवेश भन्नाले विश्वका कुनै उन्नत र सम्पन्न मुलुक तथा क्षेत्रले आफ्नो सामरिक आर्थिक र राजनैतिक क्षमताको बलमा कुनै दुर्बल क्षेत्रमाथि गरेको शासन, प्रभुत्व र त्यस्ता अविकसित मुलुकलाई कब्जा गरीत्यहाँ बसालिएको व्यवस्थालाई बुझ्न सकिन्छ।

विभिन्न विद्वानहरूका 'उपनिवेश' बारेको धारणालाई पनि अवलोकन गर्न सकिन्छ । पाश्चात्य साहित्यकार जोहन म्याकलोएडअनुसार " बिशौँ शताब्दी पूर्व विकसित राष्ट्रहरूका साम्राज्यवादीहरूले आफ्ना समयमा विश्वका विविध प्रान्तहरूमा खड़ा गरेको विशाल व्यवस्था नै उपनिवेश हो । " [१८] नेपाली साहित्यकार कृष्ण गौतमअनुसार " बलिया देशले निर्धा देशमाथि स्थापित गरेको आधिपत्य नै 'उपनिवेश' हो । " [१९] उनले गाउँ, नगर वा समाजमा आधिपत्य जमाउँनुलाई उपनिवेश मानेका छैनन् ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले " सोह्रौँ शताब्दीपछि पश्चिमेली देश बेलायतद्वारा इष्ट इन्डिया कम्पनी र हल्यान्डद्वारा डच इस्ट इन्डिया कम्पनीको माध्यम व्यापार-वाणिज्यको उद्देश्यले भारत जस्तो शक्ति विपन्न महाद्वीपमाथि अनि अमेरिकाले आफ्ना दुर्बल दक्षिणी प्रान्तमाथि र फ्रान्सले आफ्ना उत्तरतिरका क्षेत्र एवं त्यहाँ बसोबास गर्ने मानिसहरूमाथि गरेका शासन व्यवस्था नै वास्तवमा 'उपनिवेश' हो " [२०] भनेका छन् । यसरी नै सञ्जीव उप्रेतीअनुसार " सोह्रौँदेखि उन्नाइसौं शताब्दीसम्म आइपुग्दा ब्रिटेन, फ्रान्स, स्पेन र पोर्तुगल जस्ता राष्ट्रहरूले संसारको कुल क्षेत्रफलको नब्बे प्रतिशत भूभागलाई आफनो राजनीतिक र व्यापारिक नियन्त्रणमा लिंदै भारत, नाइजेरिया, केन्या तथा फिलिपिन्स जस्ता प्रदेशहरूमा सैन्य, व्यापार तथा प्रशासकीय निकायहरूको निर्माण गरिने

---

१५. वसन्तकुमार शर्मा, 'नेपाल', सन् २०११, **शब्दार्थ नेपाली शब्दसागर**, काठमाडौं- नेपाल, पृ. सं. १५१ ।

१६. हेमाङ्गराज अधिकारी, बद्रीविशाल भट्टराई (सम्पा.), सन् २००४, **प्रयोगात्मक नेपाली शब्दकोष**, काठमाडौं-पृ. सं. ११४-११५ ।

१७. श्रीधरप्रसाद लोहनी, रामेश्वरप्रसाद अधिकारी (सम्पा), सन् २०१२, **एकता कन्साइज इङ्ग्लीस – नेपाली डिक्सनरी**, सिलगड़ी, पृ. २८४।

१८. जोहन म्याक्लोएड, सन् २००७, **विगिनिङ् पोस्टकोलोनियालिज्म**, म्यान्चेष्टर, पृ. सं. ६-७।

१९. कृष्ण गौतम, सन् १९९३, **आधुनिक आलोचना:अनेक रूप अनेक पठन**, काठमाडौं, पृ. सं. ४१३ ।

२०. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, सन् २००४, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, काठमाण्डौ, पृ. सं. ३७९ ।

प्रक्रियालाई 'उपनिवेश' हो " [२१] भनी बताएको पाइन्छ।

अतः 'उपनिवेश' भन्नाले शक्तिशाली मुलुकहरूले निर्बल मुलुकहरूलाई शासन गर्न हेतु स्थापित एउटा व्यवस्था विशेष हो भन्ने बुझिन्छ। जब एउटा शक्तिशाली मुलुकले अर्को दुर्बल मुलुकलाई आफ्नो नियन्त्रणमा राख्दै त्यसमाथि विविध पक्षबाट शोषण गर्दछ साथै आफ्नो शक्ति प्रदर्शनको माध्यम बनाउँदछ भने पराधीन त्यस मुलुकलाई शासक मुलुकको'उपनिवेश' हो भन्ने बुझिन्छ। त्यसरी नै शासकलाई उपनिवेशक भन्ने गरेको पाइन्छ।

## २.२ उपनिवेशका प्रकार

उपनिवेशकहरूले आफ्नो नीजि स्वार्थ उपभोगका निम्ति आफ्ना उपनिवेशहरूलाई विविध प्रकारले शोषण गर्ने गरेको कुरा विद्वानहरूले बताएका छन्। कुनै उपनिवेशबाट भौतिक वस्तु प्राप्तिको निम्ति, कुनै उपनिवेशबाट मानव श्रम उपभोगको निम्ति उपनिवेशकहरूले शोषण, अन्याय र अत्याचार गरेको मानिन्छ। यसरी नै उपनिवेशकहरूले आफ्नो राजनैतिक र आर्थिक क्षमताको उपभोग गर्ने गरेको देखिन्छ।

वस्तुतः उपनिवेशहरूका कतिपय प्रकार रहेका छन्। गोपाल शिवाकोटीअनुसार भौगोलिक स्थितिको आधारमा उपनिवेशका दुईवटा प्रकार छन् ती क्रमैले (१) बिन्दु उपनिवेश र (२) क्षेत्रीय उपनिवेश हुन्।

### २.२.१ बिन्दु उपनिवेश

'बिन्दु उपनिवेश' भन्नाले विशाल समुद्रका बीचमा रहेका साना टापु तथा ठूला महाद्वीपकास-साना प्रदेशहरूमा गरिने शासन व्यवस्थालाई बुझिन्छ। यस्ता प्रदेशहरूमा उपनिवेशको नियन्त्रण एक व्यापारिक केन्द्रको रूपमा रहेको हुन्छ। उनीहरूले सामरिक महत्वको मार्गमा इन्धन भर्नका लागि उपनिवेशको प्रयोग गर्ने गरेको कुरा थाहा पाइन्छ। जिब्राल्टर, सिङ्गापुर, पानामा नहर क्षेत्र आदिलाई बिन्दु उपनिवेशको उदाहरण रहेको मान्न सकिन्छ।

### २.२.२ क्षेत्रीय उपनिवेश

'क्षेत्रीय उपनिवेश' भन्नाले आर्थिक तथा राजनैतिक कारणले नियन्त्रण गरिएको भू-प्रदेशलाई बुझिन्छ। क्षेत्रीय उपनिवेश पनि दुई प्रकारका हुन्छन्। ती हुन्– (क) बस्ती उपनिवेश र (ख) शोषण उपनिवेश। बस्ती उपनिवेश अनुकूल हावापानी भएको ठाउँमा निवासका लागि बनाइएको उपनिवेश हो भने शासकको व्यापारी, पादरी तथा सैनिकवर्ग बसी निरन्तर शोषण गरिने उपनिवेश चाहिँ शोषण उपनिवेश हो। [२२] ब्रिटिशहरूले भारतमा गरेको उपनिवेशलाई शोषण उपनिवेशको श्रेणीमा राख्न

२१. सञ्जीव उप्रेती, सन् २०१२, **सिद्धान्तका कुरा**, काठमाडौं, पृ. सं. १९३।

२२. गोपाल शिवाकोटी, रामकुमार दाहाल, सन् २००३, **अन्तर्राष्ट्रिय राजनीति**, काठमाडौं, पृ. सं. ११९।

सकिन्छ ।

## २.३ उपनिवेशवादको अवधारणा-

संस्कृत भाषाको उपनिवेश शब्दमा 'वाद' जोड़ेर बनिएको 'उपनिवेशवाद' लाई अङ्ग्रेजीमा कोलोनीयलिज्म भनिन्छ । कोलोनियल शब्दमा 'इज्म' लागेर कोलोनियालिज्म शब्दको पर्यायको रूपमा नेपाली भाषामा 'उपनिवेशवाद' शब्द प्रयोग भएको भेटिन्छ । जसको अर्थ औपनिवेशिक सिद्धान्त वा विचार भन्ने हुन्छ । विभिन्न लेखक तथा बुद्धिजीविहरूले उपनिवेशवादलाई राजनैतिक प्रमुख साथै विदेशी राजनैतिक शासनको रूपमा अधिक मात्रामा मानेका छन्। 'उपनिवेशवाद' भन्नाले औपनिवेशिक हित वा नीतिहरू, औपनिवेशिक राज्य वा प्रशासकीय संस्थाहरू, औपनिवेशिक संस्कृति वा समाज, औपनिवेशिक विचार वा सिद्धान्तहरूका माध्यम शासन र शोषणको दिशामा क्रियाशील रहने एक प्रक्रिया विशेषलाई बुझिन्छ । [२३] यसबाट 'उपनिवेशवाद' मूलरूपमा शासन र शोषणको रूपमा बलियाहरूद्वारा निर्धा र सोझाहरूमाथि गरिएको एउटा सिद्धान्त हो भन्ने अर्थमा पनि बुझ्न सकिन्छ ।

### २.३.१ शब्दकोशको आधारमा उपनिवेशवादको परिभाषित स्वरूप

विभिन्न शब्दकोशमा उपनिवेशवादको परिभाषा भिन्न-भिन्न रूपमा प्रयोग भएको पाइन्छ । अङ्ग्रेजी, हिन्दी, नेपाली आदि शब्दकोशले उपनिवेशवादको अर्थ र परिभाषा आ-आफ्नै ढङ्गमा प्रष्टाएको पाइन्छ । **इन्साइक्लोपिडिया अमेरिकाना**अनुसार उपनिवेशवाद भनेको उन्नाइसौँ शताब्दीको मध्यतिर युरोप अनि उत्तरी अमेरिकाका पुञ्जीवादी शक्तिहरूका आर्थिक स्वार्थहो । [२४] **कोलोनियालिज्म एन इन्टर्न्यासनल सोसियल, कल्चरल एण्ड पोलिटिकल इन्साइक्लोपिडिया**अनुसार उपनिवेशवाद भन्नाले ब्रिटिशहरूले अठारौँ शताब्दिको मध्यसम्म भारतमा सञ्चालित व्यापारसित सम्बन्धित व्यवस्था हो भन्ने बुझिन्छ । [२५] **लोक भारती बृहत प्रामाणिक हिन्दी कोश**ले 'उपनिवेशवादलाई आफ्नो अधीनमा राख्ने सिद्धान्त' भनी बुझाएको पाइन्छ । [२६] **नेपाली वृहत शब्दकोश**अनुसार 'उपनिवेशवाद भनेको उपनिवेश बनाउने वा कायम गर्ने सिद्धान्त हो ।' [२७] **प्रयोगात्मक नेपाली शब्दकोष**अनुसार 'शक्तिशाली देशद्वारा अर्को देशलाई

---

२३. सन् २०१४, **साम्राज्यवाद, उपनिवेशवाद तथा राष्ट्रवाद**, इन्दिरा गान्धी राष्ट्रीय मुक्त विश्वविद्यालय, पृ. सं. ८ ।

२४. सन् १९८९, **इन्साइक्लोपिडिया अमेरिकाना**, भो. ७, पृ. सं. ३०२ ।

२५. मेलभिन एस. पेज (प्रमुख सम्पा.), सन् २००३, **कोलोनियालिज्म एन इन्टर्न्यासनल सोसियल, कल्चरल एण्ड पोलिटिकल इन्साइक्लोपिडिया**, भो. ए – एम, पृ. सं. २७४ ।

२६. आचार्य रामचन्द्र वर्मा (मूल सम्पा.), सन् २००४, **लोक भारती बृहत् प्रामाणिक हिन्दी कोश**, इलाहाबाद, पृ. सं. १२१ ।

उपनिवेश बनाउने प्रवृति वा त्यस्तो सिद्धान्त, विस्तारवाद नै उपनिवेशवाद हो' [२८] भनेको बुझिन्छ । यसरी नै **शब्दार्थ नेपाली शब्दसागर**ले **'**उपनिवेश तुल्याउने सिद्धान्त, साम्राज्यवादी विचार हो' [२९] भनेर उपनिवेशवादको अर्थ लगाएको भेटिन्छ ।

अतः उपर्युक्त शब्दकोशहरूको परिभाषा अनुसार शक्तिशाली मुलुकले कुनै निर्बल मुलुकमाथि आफ्नो उपनिवेश स्थापना गरेपछि वा प्रभुत्व जमाएपछि त्यहाँका वासिन्दाहरूमाथि राजनैतिक, सामाजिक तथा आर्थिक दृष्टिकोणले शासन गर्न हेतु अपनाएका नीति विचार तथा सिद्धान्त नै उपनिवेशवाद हो भन्ने स्पष्ट हुन्छ ।

### २.३.२ सामाजिक वा समाजशास्त्रीय धारणाअनुसार उपनिवेशवादको परिभाषित स्वरूप

**इन्टरन्यासनल इन्साइक्लोपिडिया अफ द सोसियल साइन्सेस**ले **'**कुनै शक्तिशाली देशले सार्वभौम सत्ता-सम्पन्न अर्को देशमाथि आधिपत्य जमाउने प्रवृति नै उपनिवेशवाद हो' [३०] भनेको पाइन्छ । **इन्साइक्लोपिडिया अफ सोसियोलजी**ले समाजशास्त्रीद्वय एडगर एफ. बोरगट्टा अनि रोहोन्डा जे. भी. मोन्टगोमेरीको बिचारलाई अनुसरण गर्दै 'उपनिवेशवाद एक यस्तो प्रक्रिया हो जहाँ साम्राज्यवादी राष्ट्रहरूले कुनै देशको अर्थतन्त्रमाथि आफ्नो नियन्त्रण कायम गरेपछि त्यस देशमाथि आर्थिक शोषण बढाउँदै लैजान्छ' [३१] भनेको पाइन्छ । **इनसाइक्लोपिडिया अफ सोसियल साइन्सेस**ले 'उपनिवेशवाद भन्नाले एउटा मुलुकले अर्को मुलुकमाथि आफ्नो प्रभुत्वको विस्तार आफ्ना उपनिवेशित मुलुकहरूका मूख्यआय-आर्जनका स्रोतहरू लगायत त्यहाँका श्रमिकहरू अनि व्यापारिक स्थलहरूलाई प्रयोग गर्नु, उपनिवेशकहरूले उपनिवेशितहरूका तुलनामा आफ्ना मूल्य र मान्यताहरू उच्च छन् भन्ने धारणा ग्रहण गर्नु भन्ने बुझिन्छ' [३२] भनि बताएको पाइन्छ । उपनिवेशवादबारे चर्चा गर्दै **सोसियोलजी अफ इन्डियन सोसाइटी**मा समाजशास्त्री एम. एन. श्रीनिभासले " इङ्ल्याण्डद्वारा सोझै नियन्त्रित भारतीय उपमहाद्वीपमा अङ्ग्रेजहरूले आफ्नो शासनावधि ल्याएका संस्कार र आचरणलाई अधिकाङ्श भारतीयहरूले अनुसरण गरे एवम् परिणाममा भारतीय समाजभित्र एउटा नयाँ सामाजिक तथा सांस्कृतिक परिवर्तन देखापरेको अनि

---

२७. कृष्ण प्रसाद पराजुली (सम्पा.), सन् १९८३, **नेपाली वृहत शब्दकोष**, काठमाडौं, पृ. सं. १५२ ।

२८. हेमाङ्गराज अधिकारी, बद्रीविशाल भट्टराई (सम्पा.), सन् २००४, **प्रयोगात्मक नेपाली शब्दकोष**, काठमाडौं, पृ. सं. ११४-११५ ।

२९. वसन्तकुमार शर्म्मा, सन् २०११, **शब्दार्थ नेपाली शब्दसागर**, काठमाडौं, पृ. सं. १७५ ।

३०. डेभिड एल सिडल. (सम्पा), सन् -१९९८, **इन्टरन्यासनल इन्साइक्लोपिडिया अफ द सोसियल साइन्सेस**, भो. ३, पृ. १ ।

३१. एडगर एफ. बोरगट्टा, रोहोन्डा जे. भी. मोन्टगोमेरी, सन् २०००, **इन्साइक्लोपिडिया अफ सोसियोलजी,** भो. १, पृ. सं. ३२०-३२१ ।

३२. जीवन नायर (प्रमुख सम्पा.), सन् २०११, **इनसाइक्लोपिडिया अफ सोसियल साइन्सेस**, भो. १, पृ. सं. २५९ ।

जसलाई ‘पाश्चात्यकरण’ भनी बुझिन्छ” [३३] भनी बताएको पाइन्छ।

वस्तुतः समाजशास्त्रीय धारणाअनुसार ‘उपनिवेशवाद’ भन्नाले शक्तिशाली मुलुकहरूले दुर्बल मुलुकहरूमाथि शाषण र शोषण हेतु प्रयोग गर्ने सामाजिक आर्थिक अनि सांस्कृतिक तथा वैचारिक नीति विशेष हो भन्ने बुझिन्छ। यस्ता नीतिहरूलाई उपनिवेशकहरूले उपनिवेशित क्षेत्रका श्रमिकवर्ग, व्यापारिक केन्द्र अनि आर्थिक लाभार्जनका मुख्यमुख्य स्रोतहरूमाथि प्रयोग गर्ने नीति पनि मान्न सकिन्छ।

### २.३.३ राजनैतिक धारणाअनुसार उपनिवेशवादको परिभाषित स्वरूप

राजनैतिक विद्वानहरू कार्ल मार्क्स, हिल्डरफिंग, बुखारिन, ब्लु इ. लेनिन, रोजा लक्जमबर्ग, कार्ल कार्टस्की आदिले मार्क्सवादी परिप्रेक्ष्यमा उपनिवेशवादलाई एक राजनैतिक एवम् आर्थिक व्यवस्थाको रूपमा हेरेका कुरा उल्लेख पाइन्छ । [३४] मार्क्सवादीहरूले उपनिवेशवादलाई साम्राज्यवादको रूपमा बढ़ी मात्रमा बुझ्न सकिने बताएको पाइन्छ । यस दृष्टिकोणअनुसार उपनिवेशवादको चारवटा प्रकार क्रमैले क)- उत्पादनमा एकाधिकार, ख) एकाधिकारले महत्वपूर्ण कच्चा पदार्थको श्रोतमाथि कब्जा, ग) बैंकको एकाधिकारमा प्रवेश र ध) साम्राज्यवादमा प्रवेश आदि रहेको विचार गोपाल शिवकोटी र रामकुमार दाहालले दर्शाएका भेटिन्छ। [३५]

गोपाल शिवाकोटीले राजनैतिक सन्दर्भमा उपनिवेशवादलाई पुञ्जीवाद शब्दको पर्यायको रूपमा बुझ्न सकिने कुरो बताएका छन् । [३६] राजेश गौतमको बिचारअनुसार प्राचीन कालदेखि नै साम्राज्यवादी मुलुकहरूले आफ्ना उपनिवेशहरूबाट सुनचाँदी जम्मा गर्नु नै मुख्य ध्येय रहेको हुन्थ्यो भने आधुनिक युगमा आएर पनि पुँजीवादी साम्राज्यको उद्देश्य पुँजी लगाउने मालसमान बेच्ने, कच्चा माल प्राप्त गर्ने र पिछाडिएको देशहरूमा बजार कायम गर्नु हो’ [३७] भन्ने उपनिवेशवादको परिभाषा दिएका छन्। यसरा नै प्राणगोविन्द दासले उपनिवेशवादको परिभाषा दिने क्रममा ‘‘कुनै दुर्बल देश तथा मुलुकहरूमाथि अधिकार या दखल गरीत्यसमाथि आफ्नो राजनैतिक र आर्थिक वर्चस्व कायम गर्नु नै उपनिवेशवाद हो ’’ [३८] भनेका छन्।

अतः उपनिवेशवादबारे गरिएको उक्त विभिन्न विद्वान् र राजनैतिज्ञहरूका राजनैतिक धारणाअनुसारउपनिवेशवाद भन्नाले एउटा शक्तिशाली मुलुकले अर्को एक निर्बल मुलुकमाथि

---

३३. सी. एन. शङ्खर राव, सन् २०१३, **सोसियोलजी अफ इन्डियन सोसाइटी**, न्यू दिल्ली, पृ. सं. ५०।

३४. अभय प्रसाद सिंह(सम्पा.), सन् २०१४, **भारत में उपनिवेशवाद,** नई दिल्ली, पृ. सं. १३।

३५. गोपाल शिवाकोटी र रामकुमार दाहाल, सन् १९९४, **आधुनिक राजनितिक विज्ञान**, काठमाडौं, पृ. सं. ३०।

३६. गोपाल शिवाकोटी, रामकुमार दाहाल, सन् २००३, **अन्तर्राष्ट्रिय राजनीति**, काठमाडौं, पृ. सं. ११९।

३७. राजेश गौतम, सन् १९८७, **विश्व इतिहासका केही पानाहरू**, काठमाडौं, पृ. सं. २३१।

३८. प्राणगोविन्द दास, सन् २०१५, **अन्तर्जातिक सम्पर्क**, न्यू दिल्ली, पृ. सं. ४३।

आफ्नो राजनैतिक सामार्थ्यको आड़मा पुँजी लगानी गरी आफ्ना तयार मालहरू बेच्ने अनि कच्चा माल र श्रमशक्ति प्राप्त हुने स्रोतको नीति एवं व्यवस्था हो भन्ने बुझिन्छ।

## २.३.४ आर्थिक धारणाअनुसार उपनिवेशवादको परिभाषित स्वरूप

उपनिवेशवादको उदय हुनामा सामाजिक र राजनैतिक कारणहरू बाहेक मध्ये आर्थिक कारण पनि बढी प्रभावी रहेको मान्न सकिन्छ । वेलाइती व्यापार-वाणिज्यवादीहरू (मर्केन्टिलिस्ट) को मतानुसार साम्राज्यवादीहरूले विभिन्न भौतिक तथा मानवीय स्रोतको उपयोगमा पिछाडिएका अधीनस्थ देशहरूका निम्ति स्तर उठाउने प्रयास गरेका बुझिन्छ । तर आर्थिक स्तरको विकास नभएसम्म तिनीहरूका जीवन स्तर नउठ्ने हुनाले प्रथमतः आर्थिक तहमा साम्राज्यले ध्यान दिन्छ भन्ने सिद्धान्त स्थापित गरेका थिए । [३९] पछि यसबारे अर्थशास्त्री एडम स्मिथले साम्राज्यवाद सानो समूहको हितका निम्ति नभएर सम्पूर्ण राष्ट्रको हितका निम्ति हुन्छ भनेर विरोध पनि गरेका थिए । [४०] वस्तुतः यसबाट उपनिवेशवादीहरूले जनसमूह्माथि निःस्वार्थ हित चिताउनु नभएर केवल आर्थिक लाभको निम्ति आफ्ना उपनिवेशहरूमा विकासमूलक कार्यहरू गरेका थिए भन्ने बुझिन्छ।

उपनिवेशवादलाई प्रभावी तुल्याउने आर्थिक क्षेत्रको अन्य कारणहरू मध्ये मुख्य कारण औद्योगिक क्रान्ति मान्न सकिन्छ । प्रारम्भमा उत्पादन गरिएका सबै सामग्रीहरूको खपत आफ्नो देशमा सम्भव थिएन । ती माल-समानलाई बाहिर बेच्न आवश्यक थियो । यतिमात्र होइन कुनै पनि उद्योग धन्दा चलाउनका लागि कोइला, फलाम, कपास जस्ता कच्चा सामानहरूको खाँचो पर्दछ । पछि यही मालसमानको बिक्रीबाट पुँजी बढ्दछ साथै कुनै फाइदाजनक व्यवसायमा पुँजी लगाउने प्रवृति पनि बढ्दै जान्छ । मूलरूपमा सुरूमा आफ्नो देश उद्योग प्रधान बनेपछि पुँजी लगाउने क्षेत्र सबैलाई प्राप्त हुँदैनथ्यो। त्यहाँ पुँजी लगाउने धैरै फाइदा हुने आशा पनि गर्न सकिन्दैथ्यो। यसको विपरीत एसिया र अफ्रिकाका पिछडिएका देशहरूमा पुँजी लगाउँदा धैरै फाइदा रहेको उपनिवेशिकहरूले अनुभव गरेका थिए । उनीहरूलाई त्यहाँ व्यवसाय खोल्दा ज्याला कम दिनु पर्छ र कच्चा सामान पनि सस्तोमा नै प्राप्त हुन्छ भन्ने राम्रो जानकारी रहेको थियो । कृष्ण गौतमअनुसार उपनिवेशकहरूको मुख्य लक्ष्य भन्नु नै आर्थिक उपलब्धिहो । यस लक्ष्यलाई हासिल गर्न पुँजीवादी देशहरू परस्पर प्रतिस्पर्धामा रहन्थे र आ-आफ्ना देशका सामानको निकासीका निम्ति उपनिवेश्य देशको खोजीमा लागि पर्दथे । [४१] यसरी नै कार्ल मार्क्सले उपनिवेशवादको सिद्धान्तलाई विस्तार गरेको पाइन्दैन तर मार्क्सको पुँजीवादी सिद्धान्तगत विश्लेषणले उपनिवेशवादको आर्थिक स्वरूपलाई

---

३९. डेभिड एल सिडल. (सम्पा), सन् १९९८, **इन्टरन्यासनल इन्साइक्लोपिडिया अफ द सोसियल साइन्सेस**, पूर्ववत्, पृ. सं. ६ ।

४०. डेभिड एल सिडल. (सम्पा), सन् १९९८, **इन्टरन्यासनल इन्साइक्लोपिडिया अफ द सोसियल साइन्सेस**, पूर्ववत्, पृ. सं. ७ ।

४१. कृष्ण गौतम, सन् १९९३, **अनेक रूप अनेक पठन, आधुनिक आलोचना,** पूर्ववत्, पृ. सं. ४२६ ।

विस्तार गरेका थाहा पाइन्छ ।

विशेषरूपमा पुँञ्जीपतिहरूले जब उपनिवेशमा उद्योग-व्यापार सञ्चालन गर्दछन्, त्यहाँ आफ्नो शोषण प्रक्रिया चलाउन सुरू गर्दछन् । पुँञ्जीवादी समाजमा समय-समयमा ठूलो आर्थिक सङ्कट आइपर्दछ । आवश्यकताभन्दा बढ़ी उत्पादन भएर यदि मालको बिक्री भएन भने उत्पादित वस्तु बर्बाद हुन्छ वा कारखाना नै बन्द हुने स्थितिमा पुग्नसक्छ । परिणामस्वरूप मजदुरहरू बेकार हुन थाल्छन् । यस सन्दर्भमा कृष्ण पोखरेलले " यस्तो स्थितिमा यस व्यवस्थाभित्र मजदुरवर्गलाई सधैं उपनिवेशकहरूले अज्ञानता र कष्टमा फँसाइ रहेका हुन्छन् " [४२] भनेका छन् । यसरी मजदुरवर्ग अज्ञानता र कष्टमा फँसिए नराम्रो दुर्दशामा पुग्न सक्ने साथै आर्थिक कारणले गर्दा उनीहरू सङ्घर्षको मैदानमा उत्रिन पनि विवश हुन्छन् । वस्तुतः यसरी उपनिवेशकहरू आर्थिक शोषण गरी आफ्ना असीम स्वार्थ पूर्ति गर्थे भन्ने तथ्यहरू थाहा पाइन्छ ।

### २.३.५ साहित्यिक धारणाअनुसार उपनिवेशवादको परिभाषित स्वरूप

साहित्यिक धारणाअनुसार उपनिवेशवादको परिभाषा भिन्नै रहेको पाइन्छ । **विगिनिङ् पोस्टकोलोनियालिज्म** नामक पुस्तकमा 'उपनिवेशवाद' भनेको " साम्राज्यवादभित्र नै पर्ने एक थरिका अभ्यासको रूप हो । " [४३] एनीया लुम्बाले आफ्नो पुस्तक **कोलोनियालिज्म /पोस्टकोलोनियालिज्म**मा उपनिवेशवाद भन्नाले " यूरोपीय शक्तिहरूद्वारा एशिया, अफ्रिका, अमेरिकाको विस्तार बुझिए तापनि यो मानव सभ्यताको इतिहासमा व्यापकतामा फैलिएको एउटा विशेषताको रूप हो " [४४] भनेको पाइन्छ । यसरी नै एडवर्ड सईदले " साम्राज्यवाद एक थरिका विचारधाराको रूप हो भने उपनिवेशवाद त्यही विचारधाराको व्यावहारिक रूप हो " [४५] भनेको पाइन्छ ।

समष्टिमा उपनिवेशवाद मानवीय सभ्यताको उत्थानदेखि नै उपनिवेशकहरूद्वारा परम्परागत रूपमा विश्वभरि फैलाएका साम्राज्यवादको वैचारिक रूप हो । यस सन्दर्भमा नेपाली साहित्यकार सञ्जीव उप्रेतीले " कुनै शक्ति सम्पन्न मुलुकले आफ्ना उपनिवेशमा गरेको राष्ट्रिय, सांस्कृतिक र सामाजिक संरचनाको व्यवस्था तथा स्वतन्त्रतामाथिको नियन्त्रण नै उपनिवेशवादको आधार स्वरूप हो " [४६] भनी सही तर्क दिएको भेटिन्छ । यसरी नै मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलअनुसार 'उपनिवेश युगमा लन्डन, पेरिस, बर्लिन, एम्स्टर्डयाम, लिस्वन, म्याड्रिट जस्ता युरोपेली महानगरहरूमा स्थापित

४२. कृष्ण पोखरेल, सन् २०१६, **विश्वका प्रमुख राजनीतिक विचारक र वादहरू**, काठमाडौं, पृ. सं. २१०-२११ ।

४३. जोहन म्याक्लोएड, सन् २००७, **विगिनिङ् पोस्टकोलोनियालिज्म**, पूर्ववत्, पृ. सं. ६ -७ ।

४४. एनीया लुम्बा, सन् २००५, **कोलोनियालिज्म / पोस्टकोलोनियालिज्म**, अक्सन, पृ. सं. ८ ।

४५. अभय प्रसाद सिंह(सम्पा.), सन् २०१४, **भारत में उपनिवेशवाद,** पूर्ववत्, पृ. सं. ५ ।

४६. सञ्जीव उप्रेती, सन् २०१२, **सिद्धान्तका कुरा**, काठमाडौं, पृ. सं. १९३ ।

सत्ताका केन्द्रहरूद्वारा औपनिवेशिक मुलुकको संस्कृति भाषा, साहित्य, समाजव्यवस्था, दर्शन, ऐनकानुन आदि क्षेत्रहरूमा प्रभुत्व जमाएर शासन गर्ने नीति तथा प्रणालीनै उपनिवेशवाद हो ' [४७] भनेको भेटिन्छ । कृष्ण गौतमअनुसार 'उपनिवेशवाद' शब्दको अर्थ उपनिवेश स्थापित गर्ने विचार, नीति वा सिद्धान्त हो साथै जब बलवान् देशले निर्बल देशमा उपनिवेश जमाउने नीति बनाउँछ तब त्यो नीति उपनिवेशवाद शब्दअन्तर्गत अर्थिन्छ " [४८] पनि भनेका छन् ।

यस प्रकार विभिन्न शब्दकोश तथा विद्वान् आदिले उपनिवेशवादबारे गरेका मतहरूलाई समन्वय गरी सार प्राप्त गर्दा उपनिवेशकहरूले स्व-नियन्त्रित क्षेत्रहरूमा आ-आफ्ना सत्ताका केन्द्रहरूमार्फत् आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक आदि क्षेत्रमा शासन र शोषण गर्न हेतु तयार गरेका रूपरेखा, कार्यनीति एवम् सिद्धान्तनै उपनिवेशवाद हो भन्ने स्पष्ट हुन्छ ।

## २.४ उपनिवेशवादको प्रमुख विशेषता-

उपनिवेशवादको मुख्यतः चार प्रकारका सामान्य विशेषता रहेका जान्न पाइन्छ । जो निम्न प्रकार रहेका छन् –

क) विदेशी शक्ति सम्पन्न मुलुक्हरू (उपनिवेशक) द्वारा उपनिवेशित मुलुकहरूमाथि गरिनेराजनैतिक अनि कानूनी प्रभुत्व ।

ख) आर्थिक अनि राजनीतिक सम्बन्धमा निर्भरता ।

ग) साम्राज्य शक्तिद्वारा उपनिवेशमाथिको शोषण ।

घ) उपनिवेशकहरूको उपनिवेशितहरूमाथि गरिने जातीय, वर्ग अनि सास्कृतिक विभेद । आदि । [४९]

अतः उपनिवेशकहरूद्वारा आफ्ना उपनिवेशहरूमा आधिपत्य सुरक्षित तुल्याउन, यथासम्भव बढ़ी आर्थिक, राजनीतिक, सामरिक, वैचारिक, जातिगत तथा वर्ग विभेद आदि शोषणका विविध पक्षहरू नै 'उपनिवेशवाद' को मूल विशेषता रहेकाबुझिन्छ ।

## २.५ उपनिवेशवादको प्रकार-

उपनिवेशवाद मुख्यतः पाँच प्रकारका रहेका थाहा पाइन्छ। जो निम्न प्रकार रहेका छन् -

### २.५.१ आवासीय उपनिवेशवाद (सेट्लर कोलोनियालिज्म) -

'आवासीय उपनिवेशवाद' भन्नाले कुनै एउटा मुलुकबाट कुनै नयाँ मुलुक्मा वृहत सङ्ख्यामा मानिसहरू बँसाई सर्नुलाई बुझिन्छ। वास्तवमा आवासीय उपनिवेशवाद भनेको नै एउटा निर्दिष्ट

---

४७. मोहनराज शर्मा, खगेन्द्रप्रसाद लुइटेल, सन् २००६, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौं, पृ. सं. ३७९ ।

४८. कृष्ण गौतम, सन् १९९३, **अनेक रूप अनेक पठन, आधुनिक आलोचना,** पूर्ववत्, पृ. सं. ४१३ ।

४९. **en.citizendium.org** > **wiki** > **colonialism.in.** ०४.०८.२०१८

मुलुकमा गरिने शोषण हो । आफ्नो पिता-पुर्खादेखि बसीआएको मुलुक तथा भूमिमा अन्य शक्तिद्वारा गरिने विविध प्रकारका अत्याचारलाई पनि आवासीय उपनिवेशवादको नमुना मानिन्छ । एक मुलुकदेखि अर्को मुलुकमा मानिसहरूबँसाई सर्ने मूख्य कारणहरूमा धार्मिक, राजनैतिक तथा आर्थिक पक्षहरू रहेका हुन्छन् । त्यसरी तिनीहरू आ-आफ्ना आवास निर्माण गरेर बसेका हुन्छन् ।

### **२.५.२ शोषणमूलक उपनिवेशवाद (एक्सप्लोइटेसन कोलोनियालिज्म) -**

'शोषणमूलक उपनिवेशवाद' भन्नाले साधारण र सोझा मानिस तथा जनतामाथि निर्दयपूर्वक गरिने अन्यायलाई बुझिन्छ । यस उपनिवेशवादमा उपभोग र शोषण नै मुख्य लक्ष्य रहेको हुन्छ। उपनिवेशवादको यस प्रक्रियामा केही उपनिवेशवादीहरूले महानगरहरूमा निर्यातका स्रोतहरूलाई लक्ष्य गरी कार्य सञ्चालन गर्ने गर्छन् । उदाहरणका निम्ति पोर्तुगाली साम्राज्यवादीहरूले सर्वप्रथम अमेरिकामा दासहरू निर्यात गर्ने कार्य गरेका थिए भने पछिबाट स्पेनिस, डच, फ्रान्सेली अनि ब्रिटिसहरूले गरेका थिए ।

### **२.५.३ कृषि-उधोगपरक उपनिवेशवाद (प्लान्टेसन कोलोनियालिज्म) -**

उद्योग-धन्दाको माध्ययमद्वारा उपनिवेशितहरूमाथि गरिने शोषणलाई 'कृषि-उधोगपरक उपनिवेशवाद' भनिन्छ । यो विशेष किशानहरूमाथि गरिने शोषण हो । मालिक भनाउँदाहरूले साधारण किशानहरूलाई पैंसाको बलमा शोषण गरिरहेका हुन्छन् । ती निमुखा किशानहरूको पसिना र रगतको मूल्यलाई कुनै कदर नगरी मालिकहरूले अप्रत्यश्र रूपमा शोषण गर्ने गर्छन् । कृषि-उधोगपरक उपनिवेशवादमा उपनिवेशवादी शक्तिहरूले जलवायु अनि भौगोलिक संसाधनहरूलाई उपभोगको मुख्य स्रोतका रूपमा लिइएको पाइन्छ ।

### **२.५.४ प्रतिनिधि उपनिवेशवाद (सरोगेट कोलोनियालिज्म) -**

'प्रतिनिधि उपनिवेशवाद' भन्नाले पिता-पुर्खादेखि बसिआएको कुनै मुलुकमा नयाँ मालिक तथा शक्तिद्वारा इच्छा विपरित गरिने प्रकारको शोषणलाई बुझिन्छ । यस प्रकारको उपनिवेशमा उपनिवेशक शक्तिहरूको देखरेखमा मानिसह नयाँ स्थानमा बँसाई सर्ने तथा बस्ती बसाल्ने गर्छन् । ती बस्तीवालाहरूको बँसाई सर्ने तथा बस्ती बसाल्ने प्रक्रियामा उपनिवेशकहरू सम्भागी पनि हुन्छन्। तर तिनीहरूको मूलधारा वा शासक शक्तिसित भने कुनै सम्बन्ध नै हुँदैन।

### **२.५.५ आन्तरिक उपनिवेशवाद (इन्टर्नल कोलोनियालिज्म) -**

'आन्तरिक उपनिवेशवाद' भन्नाले कुनै राष्ट्रभित्रको राज्य-राज्यमाझ संरचानात्मक, विचारगत तथा धारणागत अमिल्दो क्षमताहरूलाई बुझिन्छ। यस प्रकारको उपनिवेशवादी प्रक्रियामा उपभोग र

शोषण गरिने मुख्य स्रोत राज्यभित्रबाटै निर्धारित गरिएका हुन्छन् । [५०] आन्तरिक उपनिवेशवादमा मूलशासकको दोस्रो तहको शासकले आर्थिक, समाजिक, राजनैतिक, शैक्षिक इत्यादि समस्याहरूद्वारा सधैं ग्रसित रही आएका समाजका निम्न तहकाहरूमाथि आफ्नो अधिकार र शोषणको निम्ति निर्धारण गरेका विविध नियम, कानुन, मान्यता र धारणाहरूलाई बुझाउँछ ।

## २.६ उपनिवेशवाद र साम्राज्यवाद माझको साम्य- वैषम्य-

केही अध्येताहरूले उपनिवेशको अर्थ साम्राज्य शब्दको अर्थसँग धैरै नजिक रहेको मानेका छन् । समय र युगअनुरूप उपनिवेशकहरूले आफ्नो आधिपत्य र प्रभाव खड़ा गरेका देखिन्छन् भने साम्राज्यवादीहरू पनि आफ्नो साम्राज्य विस्तार गर्न नै चाहेको देखिन्छ । उपनिवेशकहरू र साम्राज्यवादीहरू दुवैको नीति वा अभिप्राय प्रायः एकै रहेको मान्न सकिन्छ । त्यसैले कुनै पनि शब्दको सामान्य अर्थ वा विशेष अर्थ हुन्छ भन्ने कुरा स्वाभाविक मान्न पर्ने हुन्छ । अर्थहरू कहिले पनि स्वतन्त्र हुँदैनन । ती सन्दर्भमा आएर प्रकट हुने गर्दछन् । शक्तिप्रदर्शन र नीतिले कुनै राष्ट्रलाई उपनिवेश बनाउनु र व्यक्तिको मानसिकता, भाषा र संस्कृतिलाई उपनिवेश बनाउनु भन्ने विषय दुई भिन्न कुराहरू हुन् । उपनिवेशको अर्थ वा उपनिवेशकै निकटवर्ती अर्थमा साम्राज्य शब्द र उपनिवेशवादको अभिप्रायमा साम्राज्यवादको प्रयोग भएको पाइन्छ तर यथार्थमा भने यी दुइ शब्दहरूमाझ कतिपय सादृश्यता र विसमता पनि रहेको देखिन्छ। यसर्थ उपनिवेशवाद र साम्राज्यवाद माझको साम्य वैषम्यलाई बुझ्नु आवश्यक देखिन्छ।

प्रथमत: उपनिवेशवाद र साम्राज्यवाद शब्दको प्रयोग समानार्थी शब्दको रूपमा प्रयोग गरिन्दै आएको देखिए तापनि यी दुवै एउटै होइनन्। कतिपय विद्वान् तथा चिन्तकहरूले ब्रिटिश भारतमा रहेको ब्रिटिश शासनलाई ब्रिटिश उपनिवेशवाद र कतिपयले ब्रिटिश साम्राज्यवाद भनेर नाउँ दिएका भेटिन्छन् । यसको मूल कारण व्यापार-वाणिज्यलाई मान्न सकिन्छ । व्यापार-वाणिज्य क्षेत्रको सन्दर्भमा यी दुइमाझ भिन्नता छुट्टयाउन गाह्रो पर्दछ । यस क्षेत्रमा उपनिवेशवाद र साम्राज्यवादमाझको सम्बन्धमा अर्थगत् समस्याको सिर्जना हुन जान्छ । यसबाहेक विभिन्न क्षेत्रमा यी दुइमाझ पाइने प्रकृति पनि एक समान देखिँदैन । शब्दको उत्पत्तिगत् आधारमा हेर्दा उपनिवेशवाद र साम्राज्यवादमाझ अन्तर स्पष्ट देखिन्छ ।

'उपनिवेशवाद' शब्दको उत्पत्ति लेटिन शब्द 'कोलनस' (Colonus) बाट भएको हो । जसको अर्थ किसान हुन्छ । यस सन्दर्भमा उपनिवेशवादअन्तर्गत कुनै खास जनसङ्ख्यालाई अर्को नयाँ भू-भागहरूतिर स्थानान्तरित गरेर त्यहाँका ती मानिसहरूका स्थायी बस्तीहरू बसाइने गरिएको बुझिन्छ। यस अतिरिक्त जुन बस्तीहरूमा बसो-बास गर्ने मानिसहरूका आफ्ना विशेष मुलुकसित राजनीतिक एवम् भावनात्मक सम्बन्ध भने रहिरहेको हुन्छ भन्ने थाहा पाइन्छ । त्यसरी नै 'साम्राज्यवाद' शब्दको शब्दको व्युत्पत्ति लेटिन शब्द इम्पोरियम (Emporium) बाट भएको हो । **ब्रिटानिका रेडी रेफेरेन्स**

---

५०. **https:// www.types of colonialism.in.** १०.०१.२०१७

**रेफेरेन्स इनसाइक्लोपिडिया**ले 'इम्पेरोर' शब्दको अर्थ पौराणिक कालमा रोमन सम्राटको प्रभुत्वको उपाधि, सिजार अगस्तस पहिलो रोमन सम्राट रहेका अनि यसै शब्दलाई पछिबाट आउने विभिन्न युरोपेलीहरूले प्रयोग गर्ने गर्दथे' [५१] भनी बताएको पाइन्छ । **अक्सफोर्ड डिक्सनरी एण्ड थेसारस**अनुसार 'इम्पोरियम' शब्दको अर्थ आदेश हो, जसको सम्बन्ध मुख्य रूपमा शक्तिमाथि आधारित हुन्छ साथै जहाँ एउटा देशले अर्को देशमाथि स्थायी बस्तीहरू, संप्रभुता तथा कुनै प्रत्यक्ष वा अप्रत्यक्ष तरिकाहरूको माध्यम आफ्ना नियन्त्रण बनाइ राखेका हुन्छन् । [५२] यसरी नै **प्रयोगात्मक नेपाली शब्दकोश**अनुसार 'साम्राज्यवाद' भन्नाले कुनै मुख्य देशले अन्य धैरै देशका आर्थिक, सांस्कृतिक वा राजनैतिक दृष्टिमाथि आफ्नो प्रभुत्व फैलाउने सिद्धान्त, प्रभुत्ववाद आदिलाई बुझिन्छ ।[५३] उदाहरणका निम्ति ब्रिटिश साम्राज्यवाद, अमेरिकी साम्राज्यवाद आदिलाई बुझ्न सकिन्छ । यसरी नै साम्राज्यवादको परिभाषा दिने क्रममा एनीया लुम्बाले शासकद्वारा गरिने शासन नै साम्राज्यवाद वा इम्पायरलिजम् हो [५४] भनेका छन् । समष्टिमा एउटा देशले अर्को देशलाई आफ्नो नियन्त्रणमा राखी कुनै खास नीतिको आधारमा पराधीन देशलाई आफ्नो आर्थिक एवम् राजनैतिक आहार बनाउँदछ भने त्यसैलाई साम्राज्यवाद भन्न सकिन्छ ।

कतिपय विद्वानहरूका धारणाअनुसार 'उपनिवेशवाद' लाई उत्तरी अमेरिका, न्यूजील्याण्ड, अल्जीरिया, ब्राजील आदि पश्चिमी देशहरूमा यूरोपीय मानिसहरूलाई लिएर स्थापित गरिएका बस्तीहरूका सन्दर्भमा हेरिएको पाइन्छ । यसबाहेक साम्राज्यवादले यूरोपीय आधिपत्यको सन्दर्भलाई पनि वहन गरेको बुझिन्छ । यूरोपीय आधिपत्यमा कुनै मानिसहरूलाई स्थानन्तरण नगरी अफ्रीका, एशिया, लैटिन अमेरिका आदि देशहरूतिर राजनैतिक र आर्थिक प्रभुत्व स्थापित गरिएको मानिन्छ । उपनिवेशवाददेखि अलग गर्दै साम्राज्यवादमाझको विशेषताबारे एडवर्ड सईद भनेका छन् – '' साम्राज्यवाद मुख्य रूपमा एउटा शक्तिशाली देशको राजधानी साथै मुख्य शहरको वैचारिक शक्ति हो। यसको सम्बन्ध अन्य कुनै टाड़ोको मुलुकमाथिको शासनसित सम्बन्धित हुन्छ जुन शक्ति सञ्चालित केन्द्रको व्यवहार, सिद्धान्त एवम् दृष्टिकोणमाथि आधारित रहेको हुन्छ।'' [५५] उनको विचारअनुसार साम्राज्यवाद एउटा शक्तिशाली देश हो भने उपनिवेशवाद चाहीँ त्यही देशको साम्राज्यवादकै परिणामको रूप हो । यही साम्राज्यवादको माध्यम टाड़ा-टाड़ाका क्षेत्रहरूतिर स्थायीरूपमा बस्तीहरूका स्थापना गरिने गरिन्छ ।

---

५१.आलोक वाडवुआ एण्ड मनिस आनन्द (सम्पा.), सन् २००५, **ब्रिटानिका रेडी रेफेरेन्स इनसाइक्लोपिडिया**, न्यू दिल्ली, पृ. सं. २४७ ।

५२. जूलिया इलियोट (सम्पा.), सन् २००१, **अक्सफोर्ड डिक्सनरी एण्ड थेसारस III**, न्यू योर्क, पृ. सं. २४३ ।

५३. हेमाङ्गराज अधिकारी (प्रमुख सम्पा.), सन् २००४, **प्रयोगात्मक नेपाली शब्दकोष**, पूर्ववत्, पृ. सं. १००५ ।

५४. एनीया लुम्बा, सन् २००५, **कोलोनियालिज्म / पोस्टकोलोनियालिज्म**, पूर्ववत्, पृ. सं. १० ।

५५. लीला गान्धी, सन् १९९८, **पोस्टकोलोनियल थ्योरी**, न्यू दिल्ली, पृ. सं. ६७ ।

अभय प्रसाद सिंहले उल्लेख गरेअनुसार 'चिल्कोटे (सन् २०००) को दृष्टिकोणमा साम्राज्यवाद एक व्यापारिक तथा वाणिज्यिक हितको अर्थभित्र जड़ित रहेको शब्द हो ।[५६] उनको विचारमा मानिसहरूलाई व्यापार-वाणिज्यको क्षेत्रमा फाइदाजनक कार्य गर्नु नै वास्तवमा साम्राज्यवाद हो भन्ने बुझिन्छ । उदाहरणको निम्ति यूरोपीय राष्ट्र तथा राज्यहरूले आफ्नो प्रभावलाई अफ्रीका एवम् लैटिन -अमेरिकासम्म बढाउन सफल भएका धटनालाई लिन सकिन्छ । कतिपय विद्वानहरूका मतअनुसार 'साम्राज्यवाद' भन्नाले एउटा देशले अर्को देशमाथि प्रत्यक्ष वा अप्रत्यक्षरूपमा आफ्नो राजनैतिक, आर्थिक नियन्त्रण गर्ने प्रक्रिया विशेषलाई बुझिन्छ । साम्राज्यवाद वास्तवमा शासक र शासनको अर्थमा आधारित रहने एउटा व्यवस्था विशेष हो । यसर्थ साम्राज्यवादलाई एउटा वैचारिक शक्ति अनि उपनिवेशवादलाई चाहिँ त्यसको व्यवहारिक रूप मान्न सकिन्छ ।

उपर्युक्त तथ्यहरूका आधारमा उपनिवेशवाद र साम्राज्यवाद दुवै माझ भौगोलिक क्षेत्र विस्तारको कुरो साझा रहेको देखिन्छ । यस प्रकारको भौगोलिक क्षेत्र विस्तारको प्रक्रिया पहिले भएकै थिएन भन्ने होइन तर प्राचीन कालमा रोम एवम् चीनको साम्राज्यको इतिहासलाई यस्तै भौगोलिक क्षेत्र विस्तारको उदाहरणका रूपमा लिन सकिन्छ । पछि आधुनिक यूरोपीय साम्राज्यवाद र पूर्वीय साम्राज्यवादमाझ भने धेरै पक्षहरूमा सादृश्यता पाएका कुरा विद्वानहरूले स्वीकारेका छन् । यस प्रकार साम्राज्यवाद मूलतः एउटा विशाल क्षेत्रमा विस्तार भएको व्यवस्था विशेष हो । उदाहरणको रूपमा भियना देखि उत्तरी स्पेनसम्म फैलिएको मूर साम्राज्यको विस्तार प्रक्रियालाई लिन सकिन्छ । सोह्रौँ शताब्दीमा परम्परागत रूपमा चली आएका यस्ता भौगोलिक क्षेत्र विस्तारको प्रक्रिया एवम् आधुनिक एवम् विविध तकनीकी विकासको कारणस्वरूप परिवर्तन देखा परेको थियो । यही समयदेखि वाष्प चलित इंजिनको अविष्कारले समुद्री मार्गको खोजी गरिने कार्यमा विकासभएको देखिन्छ । यसरी नै मशीनहरूले चल्ने जहाजहरूका अविष्कारको फलस्वरूप टाड़ा-टाड़ामा रहेका मुलुकहरूबिचको दूरत्व घटेर नगिच हुन पुग्यो। यसको फलस्वरूप यूरोपदेखि धेरै टाड़ामा स्थित एशिया, अफ्रिका एवम् अमेरिका आदि क्षेत्रहरूतिर यूरोपीय प्रभुत्वको विस्तार सम्भवभएर गयो । यसरी यस्ता ठूला-ठूला समुद्री जहाजहरूकामाध्यम अधिक स्तरमा जनसङ्ख्याहरूको स्थानन्तरण एक ठाउँदेखि अर्को ठाउँमा सजिलै गर्न सकिने भएको बुझिन्छ। यस सन्दर्भमा अभय प्रसाद सिंहले " अमेरिकामा बसालिएको ब्रिटीश बस्तीहरूमा बस्ने मानिसहरू मूल रूपमा ब्रिटीश क्राउनकै प्रजा थिए "[५७] भनेका छन् ।

वस्तुतः उपनिवेशवाद एवम् साम्राज्यवाद तुलनात्मक रूपले अलग-अलग नै हो । साम्राज्यवाद एउटा विशेष विचारधारामा क्रियाशील रहन्छ भने उपनिवेशवाद त्यही विचारधाराकै व्यवहारिक रूप रहेको कुरो बढी सार्थक प्रतीत हुन्छ।

---

५६. अभय प्रसाद सिंह(सम्पा.), सन् २०१४, **भारत में उपनिवेशवाद**, पूर्ववत्, पृ. सं. ३-४ ।

५७. अभय प्रसाद सिंह(सम्पा.), सन् २०१४, **भारत में उपनिवेशवाद**, पूर्ववत्, पृ. सं. ५ ।

## २.७ उपनिवेशवाद र उत्तरऔपनिवेशिकतावाद माझ साम्-वैषम्य-

संस्कृतको उपनिवेश शब्दमा 'वाद' परसर्ग लागेर उपनिवेशवाद शब्द प्रचलन आएको हो । यसको अर्थ उपनिवेशकहरूले आफ्ना उपनिवेशहरूमा स्थापित गरेका विचार, नीति, सिद्धान्त वा धारणा आदि भन्ने हुन्छ। यसरी नै 'उत्तरऔपनिवेशिक' शब्द अङ्ग्रेजी भाषाको पोस्टकोलोनीयल शब्दको नेपाली रूपान्तर हो, जसमा 'इज्म्' प्रत्यय गाँसिएर पोस्टकोलोनीयाइलिज्म् अर्थात् उत्तर औपनिवेशिकतावाद शब्द बनिएको देखिन्छ। हिन्दी साहित्यका समालोचक प्रणय कृष्णले उल्लेख गरेअनुसार उत्तर-औपनिवेशिक शब्दको अर्थ कुनै उपनिवेशित मुलुकले स्वतन्त्रता पाएपछितथा त्यससित सम्बन्धित हमजा अल्ची (१९७२) र जान एस. सौल (१९७४) ले सन् १९७० को दशकमा उपनिवेशित मुलुकहरूले गुलाम र दासत्वको स्थितिबाट मुक्ति प्राप्तगरेपछि उदय भएको राजसत्ता हो। [५८] उनको विचारमा शोषण र दमनबाट उन्मुक्ति पाउँनु नैउत्तर-औपनिवेशिक हो भन्ने बुझिन्छ। मूलत: 'उत्तर-औपनिवेशिक' पद एउटा ऐतिहासिक पदक्षेप रहेको प्रतीत हुन्छ। यस सम्बन्धमा समालोचक हरीश त्रिवेदीले उत्तर-औपनिवेशिकवादको चारवटा अर्थ निम्न प्रकारले बताएका छन् -

क) 'उत्तर' शब्दको एउटा अर्थ बादको अवस्था हो, जसअनुसार उत्तर-औपनिवेशिकता पूर्वको औपनिवेशिक स्थितिको बादको अवस्था वा वर्तमान रूप हो।

ख) 'उत्तर' शब्दमा बादको अवस्थाले जसरी पूर्वको अवस्थादेखि छोड़िएको स्थितिलाई व्यक्त गर्दैन ठीक त्यसरी नै **उत्तररामचरितमानस**मा 'उत्तर' शब्दको प्रयोग पाइन्छ । अतः यस सन्दर्भमा उपनिवेशवादको 'बादको अवस्था', या उत्तर अवस्था वा उत्तर-उपनिवेशवाद हो जसको एउटा अर्को नाउँ नव-उपनिवेशवाद हो।

ग) 'उत्तर' शब्दको प्रयोग उच्चत्तर, विकसित तथा अझ अधिक शब्दहरूका अर्थहरूमा पनि आधारित हुन्छ । यी अर्थहरू पनि उत्तर-उपनिवेशवाद शब्दको निकटवर्ती नव-उपनिवेशवादको समानार्थमा तुल्य छ।

ध) 'उत्तर' शब्दको अर्को प्रयोग उत्तर वा जवाब दिने क्रममा पनि हुन्छ । जस्तै - पूर्वपक्ष र उत्तरपक्ष। [५९]

अतः यस अर्थमा उत्तर-उपनिवेशवाद भन्नाले उपनिवेशवादको विपरीत, प्रतिरोध तथा विरोध बन्ने बुझिन्छ । विद्वान् होमी के. भाभाको मतमा उत्तर-औपनिवेशिकता केवल साम्राज्यहरूको पतनपछिको समयलाई बुझाउने कालगत संज्ञा मात्र नभएर विचारात्मक दृष्टकोणले एउटा मुक्तिदायी अवधारणा अनि समकालीन विश्वव्यवस्थासित जड़ित एक सांस्कृतिक विचार-विमर्शको पद पनि निराकरण वा अस्वीकार आदि शब्दचित्रमा अर्थ्याउन सकिने बताएका छन्। उनको मतअनुसार

---

५८. प्रणय कृष्ण, सन् २००८, **उत्तर औपनिवेशिकता के स्रोत और हिन्दी साहित्य**, इलाहाबाद, पृ. सं. १७।

५९. हरीश त्रीवेदी अनि मिनाक्षी मुखर्जी (सम्पा.), सन् १९९६, **इन्डीया एण्ड पोस्ट-कोलोनियल डिस्कोर्स,** शिमला, पृ. सं. २३७।

हो । [६०] समालोचक कृष्ण गौतमले उत्तरऔपनिवेशिकतालाई प्रतिरोध तथा विरोध, संशोधन एवं " उपनिवेशमा जुन मूल्य मान्यता र आदर्श स्थापित गरिएको हुन्छ, त्यसकै प्रतिरोध, विरोध, संशोधन, निराकरण एवं अस्वीकारलाई उत्तरऔपनिवेशिकताले आत्मसात् गरेको हुन्छ तर यो केवल विरोधमा मात्र केन्द्रित नभएर स्वतन्त्रताको हिमायती हुँदै सकारात्मक बन्दछ । " [६१] यसरी नै खगेन्द्रप्रसाद लुइँटेल र मोहनराज शर्माले उत्तरऔपनिवेशिक शब्दको अर्थ आफैमा भ्रमपूर्ण रहेका बताएका छन् । उनीहरूका विचारअनुसार " औपनिवेशिक युगमा रचिएका कृतिहरू साथै आजसम्म रचिएका कृतिहरू दुवैलाई जनाँउनका साथै औपनिवेशिक संस्कृतिबारे जो सुकैले वा स्वयं औपनिवेशिक संस्कृति अनुसरण गर्नेहरूले रचेका कृतिहरूलाई बुझाउँछ भन्दै उत्तर-आधुनिकतावाद अन्तर्गत पर्ने विनिर्माणवाद, नवमनोविश्लेषणवाद, नारीवाद, नवइतिहासवाद, नवमार्क्सवाद, नवसंस्कृतिवाद आदिसँग उत्तर-औपनिवेशिकतावादको घनिष्ठ सम्बन्ध रहेको हुन्छ भन्ने बुझिन्छ। [६२]

कृष्ण गौतमले देश स्वतन्त्र हुनुभन्दा पहिलादेखि नै उत्तरऔपनिवेशिक प्रवृतिहरू उठेका हुन्छन् र दरिला हुँदै गएपछि तिनले देशलाई स्वतन्त्रताको चुचुरामा पुर्याउँछन्भन्ने विचार पोखेका छन् । [६३] प्रवृतिगत दृष्टिले उपनिवेशको विरोधको प्रचलन सुरू भएदेखि नै उत्तरऔपनिवेशिकताले पनि प्रवेश लिएको बुझ्न सकिन्छ । औपनिवेशिक शक्तिको प्रभावलाई पन्छयाउदै शिक्षा, साहित्य, कला, संस्कृति, अर्थनीति, राजनैतिक, भाषिक तथा बौद्धिक अन्वेशषणका सम्पूर्ण क्षेत्रमा आफ्नै नवीन चिन्तन एवम् सैद्धान्तिक ढाँचा स्थापित गर्न थालिएको परिवेशलाई नै उत्तरऔपनिवेशिक युग भनेर मान्न सकिन्छ । दोस्रो महाविश्वयुद्धमा देखा परेको यो सैद्धान्तिक तथा विशेष नवीन चिन्तनधारालाई उत्तर-औपनिवेशिकतावाद भनेर चिन्न सकिन्छ । कृष्ण गौतमले " औपनिवेशिकताको प्रमुख पहिचान पराधीनता हो भनेका छन् भने उत्तरऔपनिवेशिकताको प्रमुख लक्षण स्वतन्त्रता हो " [६४] भनेका कुरासँग सहमति जनाउँन सकिन्छ।

उपर्युक्त तथ्यहरूलाई केलाएर हेर्दा उत्तरऔपनिवेशिकतावाद भन्नाले उपनिवेशवादको अन्त भएपछिको एक प्रकारको नव-उपनिवेशवाद रूपमा रहेको स्थितिलाई बुझिन्छ। उत्तरऔपनिवेशिक चिन्तक तथा विद्वानहरूअनुसार साम्राज्यवादी देशहरूले आफ्ना वैचारिक शक्तिकामाध्यम आफ्ना शासन व्यवस्थालाई न्यायोचित तुल्याउने प्रयासमा हुन्छन् । जस्तै भारतको सन्दर्भमा ब्रिटिश सरकारले भारतमा आफ्ना शासनलाई 'सिविलाइजिङ्ग मिशन' को नाम दिएको तथ्यलाई लिन

---

६०. होमी के. भाभा, सन् १९९४, **द लोकेसन अफ कलचर**, न्यू योर्क, पृ. सं. १७१ ।

६१. कृष्ण गौतम, सन् १९९३, **अनेक रूप अनेक पठन, आधुनिक आलोचना**, पूर्ववत्, पृ. सं ४३६ ।

६२. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल, सन् २००६, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौं, पृ. सं. ३७८ - ३८३ ।

६३. कृष्ण गौतम, सन् १९९३, **अनेक रूप अनेक पठन, आधुनिक आलोचना**, पूर्ववत्, पृ. सं. ४३४ ।

६४. कृष्ण गौतम, सन् १९९३, **अनेक रूप अनेक पठन, आधुनिक आलोचना**, पूर्ववत्, पृ. सं ४३४ ।

सकिन्छ। फ्रेंज फैननअनुसार 'उपनिवेशवाद केवल एक आर्थिक आधिपत्य व्यवस्था मात्रैको रूप होइन। यसको परिधि सम्पूर्णरूपले केन्द्रमाथि निर्भर हुन्छ। उपनिवेशवादले मानिसहरूका सोंच र विचारमाथि समेत नियन्त्रण गर्दछ।[६५]

उत्तरऔपनिवेशिक सिद्धान्तभित्र जीवन-जगतका विभिन्न पक्षका चर्चाहरू पनि पर्दछन्। दासत्व, दमन-प्रतिरोध, देशान्तरण, प्रतिनिधित्व, मत - वैभिन्यता, जाति, लिंग, स्थान, इतिहास, भाषा आदिमाथि साम्राज्यवादी युरोपीय वक्तव्यमाथि प्रतिक्रिया आदि जस्ता कुराहरू यसमा पर्दछन्। यद्यपि औपनिवेशिक र उत्तर-औपनिवेशिक अध्ययनलाई युरोपीय साम्राज्यवादको ऐतिहासिक तथ्यमा आधारित वस्तु मान्न सकिन्छ। यसले साम्राज्यवाद अनि उपनिवेशवादका परिणामस्वरूप जन्मिएका घटनाक्रमको अध्ययन गर्नु नै मूललक्ष्य राखेको हुन्छ। पछि उत्तरऔपनिवेशिक राष्ट्रहरूका उदय भएपछि त्यहाँका बौद्धिक समाजले त्यो दमनकारी औपनिवेशिक अतीतलाई साहित्यमा नयाँ परिवेशको सृजना गरी चित्रण र वर्णन गरेको विद्वानहरूले बताएका छन्। यस्तो साहित्यमा औपनिवेशिक संस्कृतिको प्रभाव पर्दछ। अतः समयको गतिसितै इतिहास, साहित्य, संस्कृति, भाषा इत्यादि सबै क्षेत्रमा एउटा नयाँ दृष्टिकोणको आवश्यकता वोध हुदँछ। औपनिवेशिक संस्कृतिले स्वदेशीय संस्कृति, भाषा, साहित्य आदिको देशी व्याख्या र चित्रणलाई समेत अंकित गर्दछ। वास्तवा यसै नयाँ अन्वेषणभित्र नै उत्तरऔपनिवेशिकतावादको दर्शन पनि केन्द्रित रहेको मान्न सकिन्छ।

उपनिवेशमा खस्किएको नारीको स्थिति, दबिएका कलाहरू, किचिएका निम्नवर्ग, थिचिएका जाति, उपजाति अनि जनजातिहरू, जाति, वर्ग, लिङ्ग र रङ्गका आधारमा निर्मम दबाइएकाहरूको यथार्थको चित्रण साहित्यकारहरूले जसरी गरेका हुन्छन् , त्यसलाई उत्तरऔपनिवेशिक समीक्षाले विश्लेषण गरेर प्रकाशमा ल्याउने कार्य गरेको मानिन्छ। जोहन म्याकलियोडअनुसार उत्तरऔपनिवेशिक अध्ययनले इतिहासको कुनै युग वा अवधिमा युरोपेली औपनिवेशिक शक्तिका घेराभित्र बाँधिन पुगेका देशहरू तथा संस्कृतिहरूद्वारा निर्मित साहित्यिक कृतिहरूको विश्लेषणलाई जनाउँदछ भने औपनिवेशिक अध्ययनले चाहिँ त्यस प्रकारका साहित्यिक रचना तथा कृतिहरू मात्रलाई नभएर सांस्कृतिक समूह प्रथा, सङ्कथनहरू इत्यादि सबैको अध्ययनलाई समेत बुझाउँदछ भनेको पाइन्छ।[६६]

इतिहासअनुसार सन् १९६० को दशकमा राष्ट्रमण्डल साहित्यको स्थापना कालदेखि सन् १९८० को दशकसम्म भएको लेखनकार्यलाई उत्तरऔपनिवेशिक साहित्यको विकाशकाल मान्न सकिन्छ। यस समय उत्तरऔपनिवेशिक साहित्य लेखनको गन्ध रहेको कृतिहरू क्रमैले दक्षिण अफ्रिकाली उपन्यासकार डोरिस लेसिङ्गको **द ग्रास इज् सिङ्गिङ्** (१९५०), नाइजेरियाली उपन्यासकार चिनुवा आचवेको **थिङ्गस फल अपार्ट्** (१९५८), ट्रिनिडाडका उपन्यासकार भी. एस. नयपालको

६५. अभय प्रसाद सिंह (सम्पा.), सन् २०१४, **भारत में उपनिवेशवाद**, पूर्ववत्, पृ. सं. ५।

६६. जोहन म्याक्लोएड, सन् २००७, **विगिनिङ् पोस्टकोलोनियालिज्म**, पूर्ववत्, पृ. सं. ६७।

**अ हाउस फर मिस्टर विस्वास** (१९६१), नोबेल पुरस्कार विजेता नाइजेरियाली नाटककार ओल सोयिन्काको **द लायन एण्ड द ज्वेल** (१९६३), दक्षिण अफ्रिकाली नाटककार एथल फुगार्डको **सीजवी बन्साई इज् डेड्** (१९७२), टोनी मेरिसनको उपन्यास **सुला** (१९७३), अफ्रिकी उपन्यासकार नुगी वा थियोङ्गोको **पेटल्स इन - ब्लड** (१९७७) आदि प्रकाशित भएको थियो ।

उत्तर-औपनिवेशिक साहित्यको चिन्तन र सिर्जनामा देखापरेका भारतेली साहित्यकारहरू आर. के. नारायण, मुल्कराज आनन्द, सल्मान रूस्दी, अनिता देसाई, विक्रम सेठ, अरून्धती राय आदि, श्रीलङ्काली साहित्यकारहरूमा रबर्ट ओन्दाजे, यास्मिन गुणरत्ने, रोमेश गुणशेखर आदि, भारतीय - अमेरिकाली साहित्यकारहरूमा झुम्पा लहिरी, भारती मुखर्जी आदि, अफ्रिकाली-अमेरिकाली साहित्यकारहरूमा रिचार्ड राइट, जोरा निल हर्स्टर्न, राल्फ इलिजन, जेम्स बल्डविन आदि, क्यारेबियाली साहित्यकारहरूमा शिव नयपाल, डेरिक वाल्कट आदिद्वारा रचित कृतिहरू बाहेक ल्याटिन अमेरिकाली देशहरूमध्ये भेनेजुएला, कोलम्बिया, गायाना, ब्राजिल, पेरू, बोलिभिया, अर्जेन्टिना, पराग्वे, उरूग्वे, इक्वेडोर, चिली आदिको योगदान पनि उत्तिकै प्रासाङ्गिक रहेको मान्न सकिन्छ ।

उत्तर-औपनिवेशिकतावादका प्रखर आलोचक एडवर्ड सइदलाई मानिएको छ । उनको यस प्रवृत्तिको समालोचनात्मक ग्रन्थहरूमा **ओरियन्टालिज्म** ( सन् १९७८ ), **द क्वेश्चन् अफ प्यालेस्टाइन** ( सन् १९७९), **द वर्ल्ड, द टेक्सट् एण्ड द क्रिटिक** ( सन् १९८३), **कल्चर एण्ड इम्पेरियालिज्म** ( सन् १९९३) आदि हुन् । समालोचक सइदले यी पुस्तककामाध्यम पश्चिमेलीहरू औपनिवेशिक लेखक तथा कृतिहरूको षड़यन्त्रपूर्ण मूल्याङ्कन गरेको तथ्यादिलाई उद्घाटित गर्दै स्वदेशी संस्कृति, मूल्य-मान्यता तथा अवस्थानुसार कृतिको समालोचना गर्ने प्रवृतिद्वारा उत्तरऔपनिवेशिक समालोचनालाई समेत समृद्ध पारेका छन् । यस मध्ये सइदको **ओरियन्टालिज्म** (सन् १९७८) नामक पुस्तकलाई उत्तर-औपनिवेशिकतावादको एउटा स्रोत पुस्तकको रूपमा मानिन्छ । यस कुरोलाई गायत्री स्पीभाकले स्वीकारेका कुरो लीला गान्धीले बताएका छन् ।[६७] एडवर्ड सइदको पुस्तक **ओरियन्टालिज्म**मा बौद्धिकतथा तार्किक ढङ्गमा यूरोपेलीहरूले अयूरोपेलीहरूको झूटो, एकपक्षीय, दूराग्रही, कपोलकल्पित तथा अतिरञ्जनात्मक प्रस्तुति गरेका छन् । यस तथ्यलाई खुलस्त पार्दै भालेरी केनेडीले पूर्वीय वाङमयवाद अन्तर्गत पश्चिमेलीहरूले गरेका षड़यन्त्रपूर्ण कृत्यको पर्दाफास सइदको **ओरियन्टालिज्म** पुस्तकमा गरेका छन् भनेको पाइन्छ ।[६८] उत्तर-औपनिवेशिकलाई मूख्य आधार गरेर समालोचना गरिएको अन्य पुस्तकहरूमा बिल आस्क्रफ्ट, ग्यारेथ ग्रिफिथ्स र हेलेन टिफिनद्वारा सम्पादित **द एम्पायर राइटर्स ब्याकः थ्योरी एण्ड प्रयाक्टीस इन पोस्टकोलोनीयल लिट्रेचर्स** (१९८९) र **द पोस्टकोलोनीयल स्टडीज रिडर**(१९९५) लाई मानिन्छ । यसर्थ समालोचक मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेलले रेमन्ड

---

६७. लीला गान्धी, सन् १९९८, **पोस्टकोलोनियल थ्योरी**, पूर्ववत्, पृ. सं. ६५ ।

६८. भालेरी केनेडी, सन् २०००, **एडवर्ड सइद, ए क्रिटिकल इन्ट्रोडक्सन**, यूएसए, पृ. सं. १५६ ।

स्वाब, जोहन डब्लु, डोरिथी, मेलिज्की आदिलाई उत्तरऔपनिवेशिक लेखनको अन्य आलोचक मानेका छन् ।[६९] मूलत: उत्तर-औपनिवेशिकताको विविध स्रोतहरू हुन सक्छन् । यसबारे हिन्दी साहित्यका समालोचक प्रणय कृष्णले मूख्य दुईवटा स्रोत रहेको बताएका छन् ।[७०] ती क्रमैले क) आनुशासनिक स्रोत र ख) ज्ञानात्मक स्रोत हुन् । क) आनुशासनिक स्रोत अन्तर्ग कमनवेल्थ लिटरेचर, सबाल्टर्न स्टडीज, एफ्रो - एशियाई साहित्य, अफ्रिकी - अमेरिकेली अध्ययन, अश्वेत अध्ययन आदि पर्दछन् भने ख) ज्ञानात्मक स्रोत अन्तर्गत उत्तर संरचनावाद र उत्तरआधुनिकतावाद पर्दछन् ।

बीसौँ शताब्दीदेखि एउटा भिन्दै अवधारणाले जन्म लिएको मानिन्छ । यस समयदेखि कला, साहित्य, दर्शन, विज्ञान, समाजशास्त्र, अर्थनीति, राजनीति, सञ्चार - माध्यम आदि क्षेत्रमा मात्र नभएर शासनतन्त्र र व्यापार-वाणिज्य आदिमा मान्छेले जन्माएका कैयौं अवधारणा, मान्यता, आस्था र विश्वासहरू धराशयी भएर एउटा भिन्दै अवधारणाले जन्म लिन पुग्यो । यसलाई उत्तर-औपनिवेशिकवाद भन्न सक्छौँ । यस समयदेखिपूर्वऔपनिवेशिक देशहरूमा चिन्तन धाराको नयाँ ठोस लहर पनि देखा परेको मानिन्छ । यसको प्रभाव शिक्षा, राजनीति, प्रशासन, सामाजिक, व्यवस्था, आर्थिक, योजना, व्यापार-व्यवसाय, साहित्य, कला संस्कृति, आदि क्षेत्रमा परेर गयो । पूर्व-औपनिवेशिक युगको समाप्तीसितै उत्तर- औपनिवेशिक सोंचको सुरूवात भए तापनि विकासका दृष्टिले सबै पूर्व उपनिवेशित् मुलुकहरूसक्षम थिएनन् । निदरल्याण्ड, फ्रान्स, पोर्तुगल र जर्मनी आदि देशहरूले उपनिवेश बनाएका मुलुकहरूका तुलनामा वेलायती उपनिवेशिकका रूपमा रहेका भारत, श्रीलङ्का, मलाया, नाइजेरिया आदि देशहरूका शिक्षा, प्रशासन, न्याय-प्रणाली, यातायात, अर्थनीति इत्यादि कुराहरूमा पछौटे नै थिए । यसको मूल कारण प्रारम्भिक शासन प्रणालीलाई मान्न सकिन्छ ।

अतः यिनै कारणहरूका फलस्वरूप पूर्व-उपनिवेशित मुलुकहरूमाझ उत्तरऔपनिवेशिक स्थितिको चित्रणमा भिन्नता आएको मान्न सकिन्छ । यद्धपि विगतमा उपनिवेशवादी देशहरूले गरेको चरम शोषण, दमन र अमानवीय अत्यचारको विरूद्ध वर्तमानमा विश्वभरीका अन्य उपनिवेशित प्रान्त, मुलुकहरूले पनि आफैलाई मुक्ति दिलाउने प्रक्रियामा सक्रीय भई मुक्ति सङ्घर्षको आवाज बुलन्द गरिरहेको मानिन्छ । हिजआज विश्वमानचित्रमा दैनिकरूपमा घटिरहेका जनआन्दोलनका विभिन्न घटनाहरूलाई उत्तर-औपनिवेशिकतावादको सङ्केतहरू मान्न सकिन्छ ।

## **२.८ औपनिवेशिकरणको पृष्ठभूमि**

विश्वको मानचित्रमा शक्तिशाली मुलुकहरूले दुर्बल मुलुकहरूमाथि उपनिवेश स्थापना गरी

---

६९. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल, सन् २००४, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, पूर्ववत्, पृ. सं. ३८२-३८३ ।

७०. प्रणय कृष्ण, सन् २००८, **उत्तर औपनिवेशिकता के स्रोत और हिन्दी साहित्य**, पूर्ववत्, पृ. सं. ५९-११५ ।

औपनिवेशिकरण प्रक्रियाको थालनी गरेका मानिन्छ। यो घटनालाई आधुनिक युगमा आएर मात्र भएको हो भन्न सकिँदैन। मानव सभ्यताको उद्भवदेखि नै यो घटना घटेको मान्न सकिन्छ। ' जो बलियाहरू छन् , उही बाँच्तछन् ' भने झैँ कतिपय महत्वाकाङ्क्षी जाति तथा साम्राज्यवादी देशले आफ्ना सीमालाई नाघेका र आफूलाई फैलाएका दृष्टान्तहरूसितै औपनिवेशिकरण प्रक्रियाको थालनी साथै विकासको इतिहास शुरू भएको मान्न सकिन्छ। यसको उदाहरणको निम्ति सर्वप्रथम सुमेरू त्यसपछि इजिप्सियन, फिनिसियन, इजियन, चिनियाँ, भारतीय, ग्रीक, पर्सियन अनि मङ्गोलहरूले प्राचीन तथा मध्ययुगमा अन्य मुलुकहरूतिर विजय गर्दै आफ्नो प्रभुत्व बढ़ाएको तथ्यलाई लिन सकिन्छ। यी देशहरूमा जितिएको क्षेत्रहरूमा आ-आफ्ना उपनिवेश कायम गरेका जानकारी विविध ऐतिहासिक विवरणहरूबाट स्पष्ट हुन्छ। मूलतः उपनिवेश कायम गर्ने घटना आधुनिक युगको नीति होइन। यसले मानवीय सभ्यताको उठानकालदेखि नै आफ्नो लक्षण देखाउँदै आएको पाइन्छ। उपनिवेश बनाउने घटना र इतिहास हेर्दा कतिपय उपनिवेशकहरूले सैन्य शक्तिद्वारा उपनिवेश बनाएको, कतिले भाषा, संस्कृति र धर्मको माध्यमबाट उपनिवेश खडा गरेका थिए भन्ने बुझिन्छ। भारतमा ब्रिटिश उपनिवेशकहरूले यी दुवै थरिका उपनिवेशीकरणको नीति अप्नाएको थाहा पाइन्छ। ब्रिटिशकालीन भारतमा दार्जीलिङ पहाडी क्षेत्र पनि यसै कुरोको चक्रान्तमा पिसिएको थियो। यस कुरो विविध ऐतिहासिक दस्तावेजहरू, कृति आदिको अध्ययनबाट सत्य र प्रामाणिक हुँदछ।

विश्वका वर्चस्वशाली मुलुकहरूद्वारा निर्बल मुलुकहरूमाथि गरिएको औपनिवेशिकरणको प्रक्रियालाई अध्ययन गर्दा यसलाई दुईवटा पृष्ठभूमिमा विभाजन गरी अध्ययन गर्न सकिन्छ। ती हुन्-

१) पौराणिक वा ऐतिहासिक पृष्ठभूमिर २) आधुनिक पृष्ठभूमि।

### २.८.१ पौराणिक वा ऐतिहासिक पृष्ठभूमि

औपनिवेशिकरणको पौराणिक वा ऐतिहासिक पृष्ठभूमिलाई अध्ययन गर्दा सुमेरहरू प्रथम पङ्क्तिमा रहेको पाइन्छ। यी सुमेरहरूले आफूहरूलाई 'कालो टाउको भएको मानिस' मान्थे। कालो टाउको भएका जाति सुमेरहरूले टाइग्रिस र युफ्रेटसको उपत्यकामा सभ्यताको जग बसाल्दै लेखनकलाको विकास, शहरको, वास्तुको निर्माण, राज्यसंयन्त्रहरूको रचना गरेको मानिन्छ। उनीहरूले त्यस क्षेत्रको विकासमा ठूलो योगदान दिएका थिए। ती सुमेरहरू वास्तवमा अन्यत्र कतैबाटै त्यहाँ आई शासन गरेको मान्न सकिन्छ। समयको कालान्तरमा पछि अर्कै क्षेत्रबाट आएका अक्कडियन र बेबिलोनियनहरूले ती सुमेरहरूलाई हराएका थिए। [७१] वास्तवमा बेबिलोनियन सभ्यतालाई सुमेरसभ्यतामै आधारित सभ्यता मान्न सकिन्छ।

---

७१. **https://www.ancient sumer net** २५-०१-२०१७

ऐतिहासिक जानकारीअनुसार मेसोपोटामिया भएको भूक्षेत्रले एकातिर भारतीय उपमहाद्वीपको सिन्धू सभ्यतालाई र अर्कोतिर इजिप्सियन सभ्यतालाई जोड्दथ्यो ।[७२] यसरी नै चीनको साङ्गवंश काल (सन् १५२३ देखि सन् १०२८ सम्म ), चाउवंशकाल (सन् १०२७ देखि सन् २५६ सम्म), हानवंशकाल (सन्  २०६ देखि सन् २२० सम्म ) मा ठूलो साम्राज्यको स्थापना भएको थियो । यस बाहेक टाङ्गवंशकाल (सन् ६१८ देखि सन् ९०७ सम्म ) कालमा चीनले आफ्नो क्षेत्रविस्तारको प्रक्रिया द्रुतगतिमा गरेको  थियो ।[७३]

यसरी सुमेर र चिनीहरूद्वारा उद्भव भएको औपनिवेशिकरण भारतीय उपमहाद्वीपमा भिन्नै प्रसङ्गमा स्थापना भएको मानिन्छ । सर्वप्रथम आर्यहरू सिन्धु घाटीमा आफ्नो संस्कृति भाषा र धर्म लिएर आएका थिए । यही समयदेखि भारतीय उपमहाद्वीप आर्यहरूको उपनिवेश बन्न पुगेको मान्न सकिन्छ । ऋगवेदकालीन भारतमा उपनिवेशको क्षेत्रविस्तारको निम्ति राजनैतिक सङ्गठन हुने प्रक्रिया र एकाअर्कामा शक्तिप्रदर्शनको निम्ति भिषण युद्ध समेत भएको इतिहासले बताउँछ । **ऋगवेद**मा दाशराज्ञ (७/३३/२, ५/८३/८) मा दशवटा राज्यहरूबिच भएको युद्धहरूको वर्णन पाइन्छ । यो युद्ध मूलतः उत्तरपश्चिम क्षेत्रमा बसोबासो गर्ने पूर्वकालीन जनसमुदाय अनि ब्रह्मभावर्तको उत्तर कालीन आर्यहरूका माझमा राज्य विस्तारको निम्ति भएको मान्न सकिन्छ । ऋगवेदकालीन यस युद्धमा सबै जातीय समुदायहरू (जसमा अनार्यहरूपनि थिए) - ले यो विशाल युद्धमा भाग लिएका थिए।[७४]  तत्कालिन समयमा सिन्धु नदीको पश्चिमका पाँच समुदाय मुख्य थिए। ती हुन्–

अलिन (वर्तमानमा काफिर्स्तान), पक्थ (वर्तमानमा पख्तून), भलान (सम्भवतः बोलन दंराको निवासी), शिव (सिंधूको छेव) अनि विषाजिन् । यस अतिरिक्त पाँचथरिका अन्य समुदायहरूमा अनु, द्रुहय, तुर्वश, यपु अनि पुरूरहेको मानिन्छ । पछि यसै युद्धको परिणामस्वरूप सुदासनामक राजाले विजय प्राप्त गरी ऋगवेदकालीन भारतको सर्वोपरि सम्राट बनेका थाहा लाग्छ । यसरी नै समय बित्दै जादाँ पछिबाट भारतीय उपमहाद्वीपमा अलेक्जान्डर, महम्मद घोरी, च्याङ्गेज खाँ आदि लड़ाकुहरूले भारतमाथि चढाइ गर्दै गए । उनीहरूले यहाँका मसिना राजा-रजौटाहरूलाई पराजित गर्दै गए तापनि त्यसको मूल उद्देश्य उपनिवेश कायम गर्नुनभएर लुटपाट गर्नु नै थियो ।  पछि भारतमा मुगलहरूले चढाइ गरेपछि भारत देश मुगलहरूको उपनिवेश बनेर गएको मान्न सकिन्छ ।

### २.८.२ आधुनिक पृष्ठभूमि

पन्ध्रौं शताब्दीदेखि विश्वका वर्चस्वशाली मुलुकहरूलेनिर्बल मुलुकहरूमा आफ्ना औपनिवेशिक शासन प्रक्रियाको थालनी सुरू गरेको मानिन्छ । यस युगमा प्रमुख उपनिवेशक शासक मुलुकको

---

७२. **https://www.ancient sumer net**     २५-०१-२०१७

७३. रामप्रसाद उपाध्याय, सन् १९९९, **विश्वको इतिहास,** काठमाडौं, पृ. सं. ७४ – ७५ ।

७४. राधाकुमुद मुखर्जी सन् १९९०, **हिंदू सभ्यता** पटना, पृ. सं. ८४ ।

रूपमा युरोप रहेको मान्न सकिन्छ । आधुनिक युगमा पोर्तुगल स्पेनका खोजकर्ताहरू विश्वको खोजमा निस्केका थिए । उनीहरूले जतिवटा भूमि वा देशहरू पत्तो लगाउँदै गए , त्यहाँ आफ्नो उपनिवेश स्थापित गर्दै गएको मानिन्छ । इतिहासकार भी. डी. महाजनले पोर्तुगीजहरूले सन् १४१९ मै माडिरा फेला पारेका थिए भनि बताएका छन् । उनको भनाइअनुसार सन् १४९७-९८ मा भास्को डी गामाले किङ्ग इमानुयलको सङ्गरक्षत्वमा पहिले मोजाम्बिक अनि पछि भारतीय उपमहाद्वीपको कालीकट नामक स्थान भेटे र पूर्व आउने बाटो पत्ता लगाउन सफल बनेका थिए।[७५] यसरी भास्को डी. गामाले भारतीय उपमहाद्वीपको पत्तो लघाएको हुनाले भारतीय उपमहाद्वीपमा रहेको गोवाआदि क्षेत्रहरूमा पोर्तुगलकै उपनिवेश रहेको मान्न सकिन्छ ।

सन् १४९२ मा स्पेनका क्रिस्टोफर कोलम्बसले अमेरिकाको खोज गरेका थिए । उनले अमेरिकाको खोज गरेपछि सन् १५११ तिर कोलम्बियामा स्पेनिस बस्तीहरू बस्न थालेका ऐतिहासिक विवरणहरूबाट थाहा पाइन्छ । मेक्सिको, फेनाडोर, भेनेजएला, पेरू, चिली आदिलाई परास्त गरेर यस कालमा स्पेन महत्वपूर्ण उपनिवेशक बनेको कुराहरू ऐतिहासिक घटनाका रूपमा पाइन्छ । यद्पि उपनिवेश स्थापनामा बृहत् रूपले सफल हुने जातिहरू मध्ये अङ्ग्रेजहरूलाई मान्न सकिन्छ । इतिहासअनुसार भारतमा व्यापार गर्ने वैध अधिकार अङ्ग्रेजहरूलाई जहाँगीरले सन् १६१८ मा दिएका थिए । यो अधिकार पाएपछि अङ्ग्रेजहरूले विस्तारै व्यापार सँगसँगै धर्म र भाषाको राजनीति भारतमा सुरू गरेको मान्न सकिन्छ । यसबिच डच इस्ट इन्डिया कम्पनीले पनि व्यापार गर्ने अधिकार पाए तापनि अङ्ग्रेजहरूकै प्रभुत्व भने कायम रहेको थियो । सन् १७५७ को पलासीको युद्धमा अङ्ग्रेजहरूले बङ्गालमा नवाब सिरौजुद्दिलालाई जितेपछि भारतमा उनीहरूको प्रभुत्व स्थापित भएर गयो । यसरी बिस्तारै भारत अङ्ग्रेजहरूको उपनिवेश बन्न पुग्यो । पश्चिममा तेह्रवटा उपनिवेशहरूले सन् १७८२ सम्म अङ्ग्रेजहरूसँग लड़दै स्वतन्त्रता प्राप्त गरिरहेको समयमा भारत देश अङ्ग्रेजहरूको उपनिवेश बन्ने स्वरूप प्राप्त गर्दै गरेको प्रतीत हुन्छ ।

दोस्रो विश्वयुद्ध ( सन् १९१४ देखि सन् १९४५ सम्म ) पछि देखिएका थुप्रै परिणामहरूमध्ये एउटा स्पष्ट परिणाम पश्चिमेली औपनिवेशिक शक्ति सम्पन्न मुलुकहरूको जर्जरता हो भन्न सकिन्छ। यसको कारण एकातिर उपनिवेशवादी राष्ट्रहरूले आफ्ना अधिनस्थ उपनिवेशहरूमा वर्चस्व यथावत राख्न समर्थ नहुँदा वेलायतद्वारा उपनिवेशित् एशियाली प्रान्तको एउटा वृहत् मुलुक भारत१५ अगस्त सन् १९४७ मा उपनिवेशमुक्त स्वतन्त्र देश बन्न पुग्यो । यसरी दोस्रो विश्वयुद्ध अवधि अघि-पछि गरेर धेरै उपनिवेशित देशहरू स्वतन्त्र भएका देखिन्छ । यसर्थ समालोचक प्रणय कृष्णले उपनिवेशकहरूबाट शासित र शोषित हुने मुलुकहरूमा औपनिवेशिकरण प्रक्रियाको समाप्तीको एउटा ठोस अवधि दोस्रो विश्वको अन्त्य (सन् १९४५) लाई एउटा सूचक कालको रूपमा स्वीकारेका छन् ।[७६]

प्रस्तुत शोध प्रबन्धको तालिका १ मा विश्वका कुन-कुन मुलुकहरूले कहिलेकहिले

---

७५. भी. डी. महाजन, सन् १९८०, **ब्रिटिश रूल इन् इण्डिया एण्ड् आफ्टर**, रामनगर- न्यू दिल्ली, पृ. सं. १ ।

७६. प्रणय कृष्ण, सन् २००८, **उत्तर औपनिवेशिकता के स्रोत और हिन्दी साहित्य**, पूर्ववत्, पृ. सं. ३८ ।

उपनिवेशवादी राष्ट्रहरूको आधिपात्यबाट मुक्ति भएर स्वतन्त्रता प्राप्त गरे भन्ने कुरोलाई देखाइएको छ। यसरी नै यसै तथ्यसित सन्दर्भित् मानचित्र-१ लाई परिशिष्टमा राखिएको छ। *

विश्वका अधिकाङ्श मुलुकहरूले शक्तिशाली राष्ट्रहरूको औपनिवेशिक शोषणमा अधिन रहेर सन् १७७६ देखि भने स्वतन्त्रता प्राप्त गरेका देखिन्छन्। वस्तुतः औपनिवेशिक शक्तिहरूका शासन र शोषणबाट विश्व मानचित्रमा कुन-कुन प्रमुख क्षेत्र तथा मुलुकहरूले कहिले कहिले स्वतनत्रता प्राप्त गरे भन्ने कुरोको पुष्टिनिम्न तालिका-१ मा यसरी उल्लेख गरिएको छ –

| **साल** | **उपनिवेश मुक्त मुलुकहरूको सूचि** |
|---|---|
| सन् १७७६ | १३ वटा अमेरिकी उपनिवेश |
| सन् १८६७ | क्यानाडा |
| सन् १९०१ | अस्ट्रेलिया |
| सन् १९०७ | न्यूजिल्याण्ड |
| सन् १९१० | दक्षिण अफ्रिका |
| सन् १९२२ | इजिप्ट |
| **सन् १९४७** | **भारत**, पाकिस्तान |
| सन् १९४८ | बर्मा (म्यानमार), सिलोन (श्रीलङ्का) आदि। |
| सन् १९५६ | ट्र्युनिसिया |
| सन् १९५७ | घाना, मलया |
| सन् १९६० | साइप्रस, नाइजेरिया |
| सन् १९६२ | जमैका, ट्रिनिडाड, टाबागो युगान्डा, पश्चिमी सामोआ आदि। |
| सन् १९६३ | केन्या, सिङ्गापुरसहितको मलेसिया १९६३ |
| सन् १९६४ | मलावी (नासाल्याण्ड) माल्टा, जाम्बिया (उत्तरी रोडेसिया) आदि। |
| सन् १९६५ | ग्याम्बिया मालदिभ्स, सिङ्गापुर |
| सन् १९६८ | मरिटियस, नाउरू स्वाजिल्याण्ड आदि। |

* मानचित्र १ परिशिष्टमा राखिएको छ।

| | |
|---|---|
| सन् १९७१ | बङ्गलादेश (पूर्वी पाकिन्तान) |
| सन् १९७४ | ग्रेनाडा |
| सन् १९८० | भनाउटु (न्यु हेब्रिडिज) |
| सन् १९९० | नामिबिया (दक्षिण पश्चिम अफ्रिका) आदि। |

**तालिका – १** [७७]

यसरी उपर्युक्त तालिका १ मा देखाइएको कालक्रमलाई आधार गरी हेर्दा अठारौँ शताब्दीको मध्यदेखि दोस्रो विश्वयुद्धको अन्तय सम्मको लगभग दुइसय वर्षको अवधि औपनिवेशिक युग रहेका थाहा लाग्छ। अतः कालक्रमको दृष्टिले विश्वइतिहासमा औपनिवेशिकरण प्रक्रियाको अन्त्य सन् १९४५ अनि उत्तर-औपनिवेशिक युगको उदय त्यसै वर्षदेखि भएको प्रतीत हुन्छ। आजको सन्दर्भमा ठाँउ-ठाँउ र देश-प्रदेशमा भइरहेको चरम शोषण, दमन र अमानवीय अत्यचारको विरूद्धमा विश्वभरिका शोषित मुलुकहरूले आफैलाई मुक्ति दिलाउने प्रक्रियामा सक्रीय भई मुक्ति सङ्घर्षको आवाज बुलन्द गरिरहेका देखिन्छ। त्यसको प्रतिफलमा उब्जेका अनेकौं दृष्टान्त आदिका झलक विश्वमानचित्रमा दैनिकरूपमा घटिरहेका घटनाहरूबाट प्रत्यक्ष थाहा पाइन्छ।

### २.९ औपनिवेशिकरण सन्दर्भका आधारहरू

औपनिवेशिकरण सन्दर्भका आधारहरू सर्वेक्षण गर्दा कुनै दुर्बल मुलुकका वासिन्दालाई शक्तिशाली मुलुकले आफ्नो प्रभुत्व जमाउन हेतु जबर्जस्ती प्रयोग गरेका नीति वा विचारगतनियम वा नीतिहरू भन्ने बुझिन्छ। 'औपनिवेशिकरण' भन्नाले मूलरूपमा आधिपत्य जमाउने अभिष्टले थोपिएका कुनै नीति वा विचारलाई बुझिन्छ। यसर्थ अभय प्रसाद सिंहले औपनिवेशिकरणको प्रक्रियामा औपनिवेशिक राष्ट्रहरूले आफ्नै उपनिवेशहरूमा केवल राजनैतिक नियन्त्रण मात्रै स्थापित नगरेर, राजनैतिक संरचना जस्तै पुलिस् राज्य, संस्था, कानून, नयाँ शैक्षिक नीति आदिको पनि विकास गर्दछ भनि बताएका छन्। [७८] औपनिवेशिकरणको विशाल प्रभाव केवल आर्थिक एवम् राजनैतिक क्षेत्रहरूमा मात्रै नपरेर मानिसहरूका सोंच र मानसिकतामा पनि परेको हुन्छ भन्ने अनुभव गर्न सकिन्छ।

प्रणय कृष्णले ब्रिटिश अनि फ्रान्सीसी औपनिवेशिकरणको प्रक्रियाहरूमा पनि केही भिन्नता रहेको बताएका छन्। उनले ब्रिटिश शासकहरूले भारत जस्तो उपनिवेशमा संवैधानिक अनि प्रशासनिक

७७. **https:// www. list of colonial free.in. net** १०-०१-२०१७

७८. अभय प्रसाद सिंह (सम्पा.), सन् २०१४, **भारत में उपनिवेशवाद**, पूर्ववत्, पृ. सं. ५।

सुधारहरूका माध्यम देशका गैर अङ्ग्रेजहरूलाई पनि औपनिवेशिक तन्त्रभित्र स्थान दिंदै कतिचोटी राष्ट्रवादी एवम् सामाजिक आन्दोलनरूपी मांगहरूलाई कानूनी अनि प्रशासन तन्त्रको स्तरबाट विचारेका थिए भनेका छन् । [७९] यस्तै औपनिवेशिक प्रक्रियाअन्तर्गत अफ्रीका महाद्वीपका काला मानिसहरूलाई धेरै शताब्दीसम्म दासको रूपमा विश्वका धेरै क्षेत्रहरूमा शोषण गरिएको पनि पाइन्छ ।

अठारौँ-उन्नाइसौँ शताब्दीको फ्रेंच, जर्मन एवम् ब्रिटीश दार्शनिकहरूमाझ औपनिवेशिकरणको स्वरूपगत वैधतालाई लिएर चर्चाको महत्वपूर्ण मुद्दा विषयबनेको मानिन्छ । यससमय इमैनुअल कांट, डेट्रायट, वोल्टेयर आदि विद्वानहरू औपनिवेशिकरणको अत्याचारी र बर्बरतामूलक स्वरूपको आलोचकका रूपमा रहेका थिए । यी आलोचकहरूले विश्वका अन्य राष्ट्रहरूलाई यूरोपीय देशहरूले सभ्य बनाउने आफ्ना कर्तव्य ठानेका कुराप्रति सहमति जनाउँने पक्षमा नरहेको मानिन्छ । यसरी नै अर्कोपक्षका एडम स्मिथ, जेरमी बेंथम, जेम्स मिल जस्ता विचारकहरूले भने औपनिवेशिकरणको प्रक्रियालाई विश्वको अन्य देश झैँ भारतको सन्दर्भमा पनि समर्थन जनाएको बुझ्न सकिन्छ। विशेषत: औपनिवेशिकरणको स्वरूपगत विशेषताबारे यी आलोचकहरूको अलग-अलग मापदण्ड रहेको थियो । उदाहरणको निम्ति आलोचक एडम स्मिथलाई लिन सकिन्छ । उनले आर्थिक कारणहरूका आधारमा औपनिवेशिकरणको प्रक्रियालाई विरोध गरेका थिए । [८०] मार्क्सवादी दृष्टिकोणमा राजनैतिक एवं आर्थिक आधिपत्यका निम्ति निर्मित व्यवस्थाको रूप नै औपनिवेशिकरण हो भन्ने बुझिन्छ । यस्ता मार्क्सवादी आलोचकहरूमा कार्ल मार्क्स, हिल्डरफिंग (सन् १९१०), बुखारिन (१९१५), लेनिन (१९१६), रोजा लक्जमबर्ग, कार्ल कार्टस्की आदि प्रमूख थिए।

औपनिवेशिकरणको स्वरूपगत विशेषतालाई अध्ययन गर्दा यसको केवल राजनैतिक र आर्थिक पक्ष मात्र नभएर समाजिक एवम् सांस्कृतिक प्रभावका पक्षहरू पनि रहेको पाइन्छ । सन् १९७० को दशकदेखि माइकल फूको, एडवर्ड सईद, गायत्री स्पीवैक, होमी भाभा, रणजीत गुहा, पार्थ चटर्जी, ज्ञानेन्द्र पाण्डेय, दीप चक्रवर्ती आदि चिन्तकहरूले औपनिवेशिकरणको समाजिक एवम् सांस्कृतिक प्रभावका पक्षहरूलाई मानेका छन् । यी चिन्तकहरूले औपनिवेशिकरणलाई 'ज्ञान एवम् शक्ति' को परीसीमामा राखेर विश्लेषण गरेका छन् । यसरी विभिन्न समालोचक, आलोचक, विद्वान्, चिन्तकहरूले औपनिवेशिकरण सन्दर्भका आधारहरूमाथि गरेका मान्यता, विचार आदिलाई अध्ययन गर्दा भारतीय औपनिवेशिकरणको प्रक्रियालाई निम्न सन्दर्भका आधारमा अध्ययन गर्न सकिन्छ । ती हुन् -

(क) सामाजिक औपनिवेशिकरणको सन्दर्भ

(ख) राजनैतिक औपनिवेशिकरणको सन्दर्भ

(ग) आर्थिक औपनिवेशिकरणको सन्दर्भ

(घ) धार्मिक औपनिवेशिकरणको सन्दर्भ

---

७९. प्रणय कृष्ण, सन् २००८, **उत्तर औपनिवेशिकता के स्रोत और हिन्दी साहित्य**, पूर्ववत्, पृ. सं. ३९-४३ ।

८०. अभय प्रसाद सिंह(सम्पा.), सन् २०१४, **भारत में उपनिवेशवाद**, पूर्ववत्, पृ. सं. १३ ।

(ङ) भाषिक तथा सांस्कृतिक औपनिवेशकरणको सन्दर्भ, आदि ।
यसप्रकार उपर्युक्त औपनिवेशिक सन्दर्भका मूलभूत आधारहरूलाई निम्न प्रकारले केलाइएको छ

## २. ९. क) सामाजिक औपनिवेशिकरणको सन्दर्भ-

समाजलाई मानिसद्वारा निर्मित एउटा व्यवस्था मानिन्छ । समाज कुनै पनि युगमा एक समान रहँदैन। यो व्यक्ति-व्यक्तिको व्यवस्थाद्वारा परिवर्तन भइरहन्छ । यसरी मानव संसारमा समाज परिवर्तन सँगसँगै मानवमूल्य, परम्पराहरू पनि परिवर्तन हुँदै जान्छन् । मूलतः ब्रिटिश औपनिवेशिकरणको कारण सामाजिक मूल्यहरूको सङ्घर्ष तथा सङ्क्रमणको अनेक स्थिति भारतीय समाजमा दृष्टिगोचर छन् । भारतीय समाजलाई अन्धविश्वास, धर्मान्धिता र स्वर्ग-नर्कमा विश्वास राख्ने सामन्ती युगमा बाँचेको पछौटे समाज मान्न सकिन्छ । प्रारम्भमा यस भारत देशमा मूलरूपमा मुसलमान तथा हिन्दू जाति- उपजाति बसोबास गर्दथे । त्यसमय भारतीय समाज सानो-ठूलो, उँच-नीच कस्ता जातीय भावना तथा शोषणमूलक भेदभावमा डुबेको थियो। साम्प्रदायिक इर्ष्या तथा द्वेष, अस्पृष्यता र अनेक प्रकारका सामाजिक कुरीतिहरूले समाज विकृत बनेको थियो।

वास्तवमा यिनै सामाजिक कुरीतिका कारण भारतीय समाजमा त्यससमय शैक्षिक, धार्मिक तथा राजनैतिक जागरण आउँन नसकेको मानिन्छ । यस समय भारतवर्ष आन्तरिक बेमेल तथा कलहमा डुबेको मानिन्छ । भारतीयहरू यसरी आन्तरिक कलहमा डुबेको मौका पाएर विदेशी अङ्ग्रेज उपनिवेशवादीहरूले भारतको विभिन्न भू-भागमाथि आफ्नो आधिपत्य जमाउन सफल भएका मान्न सकिन्छ । यसर्थ भारतीय समाजशास्त्री सत्यकेतु विद्यांलकरले भारतीयहरूमा ब्रिटिस उपनिवेशवादी दमन र शोषणको विरुद्ध स्वतन्त्रता आन्दोलनको तीव्र भावना उत्पन्न हुनुको मूल कारण ब्रिटिशहरूको भारतीयहरूप्रतिको आर्थिक र सामाजिक शोषणलाई मानेका छन् ।[८१] उनको यस विचारअनुसार उपनिवेशवादको मूल तात्पर्य आर्थिक शोषण र सामाजिक शोषणमा निहित हुन्छ भन्ने बुझिन्छ।

भारतीय ब्रिटिशकालीन औपनिवेशिक समाजलाई अध्ययन गर्दा यस समय भारतमा वर्ण र जातीय भेदगत् नीतिहरूको उदय भएको देखिन्छ । यही वर्ण र जातीय भेदगत् नीति र विचारहरूलाई उपनिवेशकहरूले आफ्ना शोषणका मूल अस्त्र बनाएको पनि मानिन्छ । त्यससमय भारतीय समाज शिक्षा जस्तो क्षेत्रमा धैरै पछौटे भएको कारण उनीहरूमाझ विभिन्न जातगत् विभेदहरू देखाएर ब्रिटिश उपनिवेशकहरूले त्यसको फाइदा सजिलै उठाउन सक्थे । यस्तै सामाजिक औपनिवेशिकको शोषणमा अफ्रीका महाद्वीपका काला वर्णको मानिसहरू पनि पिसिएको मानिन्छ । यी काला वर्णका मानिसहरू धैरै शताब्दीसम्म दासको रूपमा विश्वका थुप्रै क्षेत्रहरूतिर पठाइएको उल्लेख प्रणय कृष्णले आफ्नो पुस्तक **उत्तर औपनिवेशिकता के स्रोत और हिन्दी साहित्य**मा गरेका छन् । उनले उत्तरी र दक्षिणी अमेरिकाको एउटा वृहत क्षेत्रफलमा यस्तै काला मानिसहरूका आवादी रहेको

८१. सत्यकेतु विद्यांलकार, सन् २००७, **समाज शास्त्र**, नई दिल्ली, पृ. सं. ५३७।

बताउँदै उनीहरूका पूर्वजहरूलाई अफ्रिकी महाद्वीपबाट दास बनाएर उपनिवेशकहरूले यी महाद्वीपहरूमा ल्याएका थिए भनेका छन् ।[८२] यसरी उपनिवेशयुगीन घृणित सामाजिकव्यवसायको रूपमा दासव्यापार पनि रहेको थियो भन्ने थाहा लाग्छ । इतिहासअनुसार हइटीमा सन् १५०२ मा सस्ता मजदुरको रूपमा प्रथम पटक अफ्रीकी दास ल्याइएको थियो । यी अफ्रिकी जातिहरू आफ्नै जातिबाट मानिसहरू निकालेर तिनलाई दासको रूपमा कैदी बनाउन परस्पर एका-अर्कामा लड्थे । त्यससमय डाहोमीका शक्तिशाली जनजातीय नेता तथा राजाले आफ्ना सैनिक पठाएर छिमेकी मुलुकका मानिसहरूलाई समाउँथे र तिनलाई दास बनाएर बेच्दथे । यस प्रसङ्गमा कृष्ण गौतमले त्यस समय ४०० वर्षको दासव्यापारमा डेड़ करोड़ भन्दा बढ़ी निग्रोहरू बेचिएको बताएका छन् ।[८३]

उपनिवेशकालमा भारतीय समाजमा अङ्ग्रेजहरूले स्वयंलाई श्रेष्ठ सम्झन्थे भने भारतीयहरूलाई घृणाको दृष्टिकोणले हेर्ने गर्दथे । यसको उदाहरण दक्षिण अफ्रिकामा आफ्नो वाकालतीको अभ्यास गर्दा आफूसित रेलको प्रथम दर्जाको टिकट भएर पनि रङ्ग भेदको शिकार भएको माहत्मी गान्धीलाई लिन सकिन्छ । त्यस यात्रा समय तिनी तेस्रो दर्जामा गएर बस्नुपरेको थियो । यस अतिरिक्त भारतका विभिन्न होटल एवम् क्लबहरूमा अङ्ग्रेजहरूले भारतीयहरूको प्रवेश वर्जित गराएर भारतीयहरूमाथि चरम सामाजिक शोषण गरेका तथ्य विविध ऐतिहासिक विवरणहरूका अध्ययनबाट थाहा पाइन्छ । यसर्थ 'उपनिवेशकालमा अङ्ग्रेजहरूले भारतीयहरूमाझ जातगत विभाजनको नीति अप्नाएर अपमानजनक व्यवहार गर्थे' [८४] भनी विपिन चन्द्र पालले आफ्नो विचार पोखेका छन् । अत: यी सबै तथ्यहरूले भारतमा अङ्ग्रेजहरूको वर्चस्व विस्तारै बढदै गएको अनुभव हुन्छ ।

मूलरूपमा ब्रिटिश शासनकालमा भारतीय समाज विभिन्न वर्गमा विभाजित थियो । त्यससमय भारतीय समाजमा उच्च, मध्य र निम्नवर्ग विद्यमान थियो । यही तीन वर्गका आधारमा तत्कालीन भारतीय समाजको समाजिक स्थितिलाई अध्ययन-मनन गर्न सकिन्छ । यती मात्र नभएर भारत स्वाधीन हुनुभन्दा पहिले निम्नवर्गका मानिसहरू भारतीय समाजमा आर्थिक दृष्टिबाट कमजोर थिए, आज पनि भारतीय समाजका निम्नवर्गीय मानिसहरू आर्थिक दृष्टिबाट पछौटे नै रहेको देखिन्छ । समयको अन्तरालमा भारतीय समाजमा जमीन्दार, महाजन, पुँजीवादी व्यवस्था आदिको उत्पन्न भएर गयो । यी जमीन्दार, महाजन, पुँजीवादी व्यवस्था आदिको उत्पन्न भएपछि भारतीयहरू झन् शोषणको पञ्जामा जाकिए । उनीहरूको पीड़ा, शोषण झन् बढेर गयो । त्यससमय भारतीय समाजमा निम्न वर्गका मानिसहरू अधिकांश कृषक थिए । उनीहरूका निम्ति खेती तथा अन्न उपार्जन नै आयको प्रमुख साधन थियो । तर समाजमा जमीन्दारी र महाजनी व्यवस्थाको उत्पन्न भएपछि निम्न वर्गका किसान, मजदुरहरूमाथि ठुलो आघात पर्को मान्न सकिन्छ । किसानहरूमाथि कर तथा ऋण

---

८२. प्रणय कृष्ण, सन् २००८, **उत्तर औपनिवेशिकता के स्रोत और हिन्दी साहित्य**, पूर्ववत्, पृ. सं. ४३ ।

८३. कृष्ण गौतम, सन् १९९३, **आधुनिक आलोचना : अनेक रूप अनेक पठन**,पूर्ववत्, पृ. सं. ४३० ।

८४. विपिन चन्द्र पाल, अमलेस त्रिपाठी अनि वरूण दे, सन् १९९९, **फ्रिडम स्ट्रगल**, न्यू दिल्ली, पृ. सं. २७ ।

जमिन्दार भनाउदोहरूले लिन थाले। पछि विभिन्न प्राकृतिक प्रकोपका कारण उब्जनीमा ह्रास एवम् दिन-दिनै खेती समाप्त हुँदै गएपछि किसानहरू झन् पीर र मर्कामा मात्र नपरेर शोषित पनि बन्दै गए। तत्कालीन भारतीय समाजमा साम्राज्यवादीहरूका शोषणको प्रथम लक्ष्य श्रमिकवर्ग नै रहेको मानिन्छ। भारतमा ब्रिटीश औपनिवेशिक शासनमा कृषकहरू झैँ आदिवासीहरूको सामाजिक स्थिति पनि दयनीय रहेको जान्न पाइन्छ। त्यससमय ब्रिटिशहरूको सामाजिक शोषणगत नीतिहरूका कारणले आदिवासीहरूको घर, जङ्गल एवम् जमीनमाथि दिकुहरूको आधिपत्य बड़ेर गएको थियो। 'दिकु' आदिवासीहरूले बाहिरबाट आएका मानिसहरूलाई भन्ने गर्दथे। अभय प्रसाद सिंहको विचारअनुसार यी 'दिकु' तथा अङ्ग्रेजहरूले उद्योग धन्धा खोल्ने निहुँमा आदिवासीहरूले गरी खाने जङ्गलको क्षेत्रलाई व्यापक मात्रमा नाश गर्दै यिनीहरूको पारम्परिक कृषि शैली 'झूम कृषि' लाई समेत अन्त गर्ने कोशिश गरेका थिए।[८५] यसरी अङ्ग्रेजहरूले आदिवासीहरूले गरी खाने क्षेत्रलाई गैरकानुनी रूपले दखल गरी उक्त क्षेत्रहरूलाई आफ्नो लाभार्जनको मुख्य स्रोतको रूपमा प्रयोग गर्नुका साथै आदिवासीहरूको पुर्ख्यौली परम्परागत रूपमा चलीआएका सामाजिक रिती रिवाज तथा धार्मिक विश्वासका पक्षहरूमाथि पनि जथाभावी हस्तक्षेप गरेर तिनीहरूलाई गहिरो आघात पुऱ्याएका थिए भन्ने कुरो मान्न सकिन्छ।

भारतीय समाजशास्त्रीद्वय शशी मोतिलाल र विजयलक्ष्मी नन्दीले भारतमा विविध जातिहरूका आ-आफ्नै सामाजिक आस्था र विश्वास प्रान्त-प्रान्तमा भिन्नै रहेको मानेका छन्। उनीहरूको मतअनुसार विश्वास र आस्थाका भरमा मानवको विचार पनि भारतमा अडिएको छ।[८६] प्रारम्भमा भारतीय समाजको विभिन्न प्रान्तमा छुवाछुत, जातिगत् विभेद, सती प्रथा, बाल-विवाह जस्ता सामाजिक आस्था र विश्वास विधमान थियो। पछि सन् १८२९ मा विलियम बैंटिकले सती प्रथा रोक कानुन, सन् १८३४ मा लड डलहौजीले 'डक्ट्रोइन अफ ल्याप्स' नामक कानुनहरूको लागु गरेर भारतीय रीति-रिवाजहरू एवम् आन्तरिक कुरोहरूमा हस्तक्षेप गरे।[८७]

सामाजिक औपनिवेशिकरणको सन्दर्भमा भारतीय नेपालीहरूको समाजिक पृष्ठभूमिलाई पनि अध्ययन गर्न सकिन्छ। उन्नाइसौँ शताब्दीको पहिलो दशकसम्म भारतीय नेपालीहरू श्रमजीवि मै विद्यमान रहेको मान्न सकिन्छ। ब्रिटिशकालीन भारतका दार्जीलिङको निर्माणमा सुरूदेखि बहुसङ्ख्यक हुन थालेका नेपालीको योगदान श्रममै सीमित थियो।[८८] उनीहरूले आफ्नो दश नङ्ग्री खियाएर, रगत-पसिना र आँसु बगाएर घना जङ्गलले भरिएको दार्जीलिङलाई नयाँ रूप दिएका

---

८५. अभय प्रसाद सिंह (सम्पा.), सन् २०१४, **भारत में उपनिवेशवाद**, पूर्ववत्, पृ. सं. ९।

८६. शशी मोतिलाल र विजयलक्ष्मी नन्दी, सन् २००६, **ह्यु मन राइट्स जेन्डर्स एण्ड इन्भाइरोमेन्ट**, न्यू दिल्ली, पृ. सं. ८।

८७. भी. डी. महाजन, सन् १९८०, **ब्रिटिश रूल इन इन्डीया एण्ड आफ्टर**, पूर्ववत् पृ. सं. १३५ - १६९।

८८. कुमार प्रधान, सन् १९८२, 'अगमसिंह गिरीको कवितामा जातीय भावना', **मनन**, (सम्पा. गुमानसिंह चामलिङ), प्रवेशाङ्क, दार्जीलिङ , पृ. सं. ७८।

थिए । तर पछि विस्तारै दार्जीलिङमा औपनिवेशिक अतिक्रमण बढदै गयो । यो औपनिवेशिक अतिक्रमण अन्य कोहीबाट नभएर अङ्ग्रेजहरूद्वारा बढेको मान्न सकिन्छ । अङ्ग्रेजहरूले व्यापार-वाणिज्य, उद्योग-व्यवसाय आदिको नाममा दार्जीलिङका रैथाने सर्वहारा नेपालीहरूमाथि शोषण गर्न थाले । यसरी नै व्यक्तिगत स्वार्थसिद्धि तथा उपभोगको निम्ति अङ्ग्रेजहरूले यस पहाड़ी क्षेत्रलाई आफ्नो बनाउनलाई औपनिवेशिक षढयन्त्र रच्न थाले ।

मूलतः उन्नाइसौँ शताब्दीको पूर्वार्द्ध र अठारौँ शताब्दीको मध्यतिर दार्जीलिङ क्षेत्र वरिपरि कमानमा बस्ने नेपालीहरू प्राय: चिया कमानका मजदुर, कुल्ली मात्र रहेको मानिन्छ । उनीहरू चियापत्ती टिप्ने, चियाबारीमा कोदालो, फरूवा, हँसिया चलाउने काम गर्थे भने साधारण शिक्षा लाभ गरेका नेपालीहरू कमानमा किरानी, मुन्सी, बैदार आदि काम गर्दथे । [८९] यसरी चिया कमानमा दिनभरी खटिखाने श्रमजीवी नेपालीहरूमाथि अङ्ग्रेजहरूले अप्रत्यक्ष रूपमा शोषण गरेको बुझिन्छ । त्यससमय अङ्ग्रेजहरूले अप्रत्यक्ष रूपमा दार्जिलिङ्गे नेपालीहरूमाथि शोषण गरे भने सरकारी ओहोदामा भएका बाबु सम्प्रदाय, चियाकमानका मालिक वर्ग एवम् व्यापारीहरूले पनि श्रमजीवी नेपालीहरूमाथि शोषण गरेको मान्न सकिन्छ । उनीहरूले त्यससमय नेपालीहरूलाई 'कुल्ली' मात्र ठानेर हेयका दृष्टिले हेर्ने गर्थे । तत्कालिन दार्जिलिङमा चियाकमानका मालिक वर्गले 'छोकड़ी' राख्ने प्रथा रहेको पाइन्छ । यी 'छोकड़ी' अन्य कोही नभएर कमानमा मजदूरी गर्ने सोझा नेपालीहरूका छोरी चेलीहरू हुन्थे । यही कमानमा मजदूरी गर्ने सोझा नेपालीहरूका छोरी चेलीहरूलाई अङ्ग्रेज म्यानेजरहरूले 'छोकड़ी' राख्ने प्रथाको निहुँ गरेरे शारारिक शोषण समेत गर्ने गर्थे । यसरी भारतमा बसोबास गर्ने तथा रैथाने अन्य मानिसहरू सरह ब्रिटिसकालमा नेपालीहरू पनि सामाजिक औपनिवेशिकरणको मारले पिढीत थिए भन्न सकिन्छ ।

वस्तुतः भारतमा राष्ट्रिय स्वतन्त्रता सङ्ग्रामको अवधि भारतीयहरूले क्षुब्द भएर अङ्ग्रेजी सामाजिक रीति रिवाजलाई तिरस्कार गरेका थिए । त्यससमय उनीहरूले स्वदेशी मूल्य र मान्यतालाई आत्मासात गर्दै विदेशी नीतिधारालाई तिलाञ्जली दिएका थिए । यसो हुनको मूल कारण उपनिवेशवादी अङ्ग्रेजहरूको यस्तै चरम सामाजिक शोषणकै परिणामलाई मान्न सकिन्छ ।

### २. ९. ख) राजनैतिक औपनिवेशिकरणको सन्दर्भ-

भारतीय उपमहाद्वीपमा १६०० ई. पू. अधिदेखि ब्रिटिस उपनिवेशवादको शुरूवात भएको मानिन्छ । भारतमा ब्रिटिस इष्ट इण्डिया कम्पनीलाई व्यापार गर्ने एकाधिकार प्राप्त भएदेखि यसले एक व्यापारिक कम्पनीको रूपमा रहेर काम गर्न थालेको मान्न सकिन्छ । तर कालान्तरमा मुगल साम्राज्यको पतन भारतमा भएपछि भने ब्रिटीश शासन झन् भारतमा मजबुत भएर गएको जान्न पाइन्छ । यस सन्दर्भमा सन् १७५७ को पलासीको युद्ध र सन् १७६५ मा बिहार, बङ्गाल एवम्

---

८९. रामकृष्ण शर्मा, सन् १९८४, 'दार्जीलिङ क्षेत्रमा नेपाली साहित्यको पृष्ठभूमि र जन्म', **हाम्रो कुलैनबारी**, (सम्पा. स्वयम्), वर्ष – ७, पूर्णाङ्क – ६/७ मन्सोङ, पृ. सं. ११४ ।

उड़ीसा भएको दिवानी अधिकारका घटनालाई लिन सकिन्छ । यही दुइवटै घटनाका कारण ब्रिटेनलाई भारतमा एक मजबुत राजनैतिक शक्तिको रूपमा स्थापित हुने मौका प्राप्त भएर गएको थियो । [९०]

भारतीय उपमहाद्वीपमा समयको अन्तरालमा ब्रिटिस सरकारको पूर्णरूपले अधिकार स्थापित भएर गयो । यस अधिकार प्राप्तपछि ब्रिटिस सरकारले आफ्नो शासन व्यवस्थालाई मजबुत बनाउँन हेतु सन् १७५७ देखि सन् १९३५ सम्म विभिन्न प्रकारका नागारिक प्रशासन सम्बन्धी नीतिहरू भारतमा लागु गरेको पाइन्छ । त्यससमय ब्रिटिस सरकारद्वारा लागु गरिएका नियम-नीतिहरूको लक्ष्य केवल कम्पनीको मूनफा, बढोत्तरी, आर्थिक लाभ अनि भारतमाथि ब्रिटिस पकड़लाई यथावत राख्नु थियो । [९१] यसरी सन् १७५७ देखि १७६५ सम्मसको अवधिमा अङ्ग्रेजहरूले बङ्गाल, बिहार र उडीसामा आफ्नो सत्ता स्थापित गरेपछि भारतीय राजनीतिमा उनीहरूको चाख र चासो अझ धेरै बढेर गएको मान्न सकिन्छ । इतिहासकार राजेश गौतमले तत्कालिन भारतमा अङ्ग्रेजहरूको विशेषतः तीन क्षेत्र बम्बई, मद्रास र कलकत्तामा लगाउ रहेको मानेका छन् । [९२] त्यससमय बम्बई वरिपरि अङ्ग्रेजहरूको दबदबा नभएर मराठाहरूको प्रभाव थियो । यसरी नै दक्षिण तर्फ मैसूर र हैदराबाद राज्य धेरै शक्तिशाली थिए । यही कारणले गर्दा अङ्ग्रेजहरूले त्यससमय सधैं दक्षिणतिर मराठा, मैसूरका शासक र हैदरावादको निजामहरूका गतिविधिमाथि नजर राख्ने गरेको जान्न पाइन्छ । इतिहासअनुसार अङ्ग्रेजहरूलाई उपर्युक्त तीन शक्तिहरूले सधैं नयाँ-नयाँ सन्धि गरेर हैरान समेत पारेका थिए ।

सन् १७६५ को अवधिमा हैदरअली र टीपू सुल्तान्ले फ्रान्सिसीहरूको सहायता लिएर अङ्ग्रेजहरूको प्रभाव समाप्त गर्नेतर्फ लागेका थिए । [९३] यतिमात्र नभएर अवध राज्यको नवाब, रोहिला सरदार, जाट र पछि गएर सिखहरूले पनि अङ्ग्रेजी सत्तालाई चुनौति दिएको मानिन्छ । अतः यी चुनौतिहरूको परिणामस्वरूप अङ्ग्रजहरूले यी सबै शक्तिहरूसँग सङ्घर्ष गर्नु परेको थियो । [९४] यसैको फलस्वरूप वारेन हेस्टिंग्सदेखि लिएर लर्ड डलहौजीसम्म सबै गभर्नर जनरलहरूले सैनिक शक्ति र कूटनीतिको सहाराहरूमा सन् १७७१ को पंचवर्षीय बन्दोबस्तको योजना, सन् १७७२ को द्वैध शासन, सन् १७७३ को रेगुलेटिंग एक्ट सन् १७८४ को पिट्स इन्डिया एक्ट, सन् १७९३ को स्थायी बन्दोबस्त, रैयतवारी बन्दोबस्त, सन् १८२२ को महलवारी बन्दोबस्त, सन् १८३३ को चार्टर एक्ट, सन् १८५३ को चार्टर अधिनियम, सिविल सेवा योजना आदि प्रयोग गरेको मानिन्छ । यही योजनाहरूका माध्यम भारतीय शासकहरूले अङ्ग्रेज प्रतिद्वन्द्वीहरूलाई परास्त गरी भारतमा आफ्नो

---

९०. भी. डी. महाजन, सन् १९८०, **ब्रिटिश रूल इन इन्डीया एण्ड आफ्टर**, पूर्ववत्, पृ. सं. २८-४१ ।

९१. विपिन चन्द्र, सन् २००४, **आधुनिक भारत,** नई दिल्ली, पृ. सं. ४५ ।

९२. राजेश गौतम, सन् २०१०, **भारतको आधुनिक इतिहास**, काठमाडौं, पृ. सं. ३४ ।

९३. राजेश गौतम, सन् २०१०, **भारतको आधुनिक इतिहास**, पूर्ववत्, पृ. सं. ३४ ।

९४. भी. डी. महाजन, सन् १९८०, **ब्रिटिश रूल इन इन्डीया एण्ड आफ्टर**, पूर्ववत्, पृ. सं. ५२-१६८ ।

साम्राज्य विस्तार तथा सुदृढिकरण गरेको मान्न सकिन्छ।

प्रस्तुत शोध प्रबन्धको मानचित्र-२ मा सन् १९५७ को दशकसम्म आइपुग्दा भारतमा ब्रिटिशहरूको राजनैतिक वर्चस्व के-कति फैलिएर गएको थियो भन्ने कुरोलाई देखाइएको छ। * अतः सन् १७५७ देखि सन् १८५७ को बीचमा अङ्ग्रेजहरूलाई सम्पूर्ण भारतको राजनैतिक स्वामीत्व प्राप्त भएर गएको थाहा पाइन्छ।

यसरी भारतमाथि आफ्नो राजनैतिक वर्चस्व कायम भएपछि स्वेच्छारी अङ्ग्रेजहरूले भारतीयहरूमाथि आफ्नो राजनैतिक शोषणको प्रक्रियालाई अझ तिव्र गरेर लगेको देखिन्छ। यस अन्तर्गत लड डलहौजीको **व्यपगत सिद्धान्त** (Doctrine of lapse) लाई प्रमुख मान्न सकिन्छ। यस सिद्धान्तको साहारामा डलहौजीले सम्पूर्ण नैतिक एवम् राजनैतिक आदर्शहरूलाईपन्साएर गोद - निषेध नीति (Anti-adoption policy) लागु गरी भारतको सतारा, नागपूर , झांसी, संभलपुर, जैतपुर, उदयपुर आदि राज्यहरूलाई बलपूर्वक ब्रिटिस साम्राज्यमा गाभेका थिए। [९५] लड डलहौजीको यस विलय नीतिले तत्कालिन भारतका सबै राजाहरूलाई त्रसित बनाएको मानिन्छ। त्यससमय विलय नगरिएका स-साना राज्य र रजौटाहरूका अस्तित्व सङ्कटमा रहेको भारतीय राजाहरूले पछि बुझ्न थाले। वास्तवमा अङ्ग्रेजहरूले यस नीतिलाई सिद्धान्त अनुरूप नभएर अनैतिक र बलपूर्वक सञ्चालन गरिरहेका तथ्य भारतीय शासकबरूले बुझ्न थाले। फलत: अङ्ग्रेजहरूको यस प्रकारको राजनैतिक शोषणबाट बाँच्नलाई उनीहरूले स्व-सुरक्षाको मार्ग खोज्न थाले। लड डलहौजीले भारतमा त्यससमय पदोन्नति र पेन्सन योजनालाई समेत समाप्त गरेको थियो। [९६] यसैको फलस्वरुप भारतीयहरूमा असन्तोषको भावना फैलिएर गएको मानिन्छ। सन् १८५६ मा लर्ड कैनिंगले मुगल शासनको नै समाप्तीको घोषणा गरिदिए पछि झन् तिव्ररूपमा अङ्ग्रेजहरूको विरूद्ध भारतीयहरूमा विद्रोहको भावना जागेर गएको मान्न सकिन्छ।

अङ्ग्रेजहरूको राजनैतिक औपनिवेशिक नीतिहरूका शिकार स-साना राज्य-रजौटाका शासकहरू मात्र नभएर जनमानस पनि भएका थिए। त्यययमय भारतीय जनताहरूलाई सरकारी नौकरीहरूबाट वञ्चित राखिन्थ्यो भने उनीहरूलाई अङ्ग्रेजहरूले अमानवीय एवम् अपमानजनक व्यवहार गर्दथे। [९७] फलतः जता - ततै बेकारी र भूखमरीको समस्याले भारत ग्रस्त थियो। वस्तुतः सन् १७५७ देखि सन् १८५७ को अवधिमाझ अङ्ग्रेज सञ्चालित कम्पनी सरकारले बल, छल-प्रपञ्चद्वारा भारतमा अङ्ग्रेजी साम्राज्यको स्थापना गरेको बुझिन्छ। यस प्रयासमा भारतको अनेकौं राजवंश र राजपरिवारको अन्त्य भएको मानिन्छ। मूख्य गरेर अङ्ग्रेज सरकार वेलेस्लीको समय भारतमा जसलाई जब चाह्यो उसैलाई गद्दीमा बसाउँने अनि नचाहेको खण्डमा हटाइदिने नीति रहेको

---

* मानचित्र २ परिशिष्टमा राखिएको छ।

९५. बी. एल. ग्रोवर - यशपाल, सन् २००३, **आधुनिक भारत का इतिहास**, नई दिल्ली, पृ. सं. १८८।

९६. बी. एल. ग्रोबर - यशपाल, सन् २००३, **आधुनिक भारत का इतिहास**, पूर्ववत्, पृ. सं. १८८-१८९।

९७. अभय प्रसाद सिंह(सम्पा.), सन् २०१४, **भारत में उपनिवेशवाद**, पूर्ववत्, पृ. सं. ७४।

थियो । [९८] यस नीतिले देशी राजाहरूका शोषण एवम् उनीहरूको स्वतन्त्रताको अपहरण गर्ने कार्य गरेको बुझिन्छ। यद्धपि देशी राज्यहरूले विवशता र अनिच्छापूर्वक यस सन्धिलाई स्वीकार गरेका भए तापनि उनीहरूको मनमा असन्तोषको आगो विस्तारै-विस्तारै बलिरहेको थियो भन्ने अनुमान गर्न सकिन्छ । अत: कालान्तरमा भारतीयहरूको हृदयमा उठेको यही असन्तोषको भावनाका कारण ब्रिटिसहरूको राजनैतिक औपनिवेशिक शोषण भारतमा समाप्त भएको मान्न सकिन्छ।

## २. ९. ग) आर्थिक औपनिवेशिकरणको सन्दर्भ-

भारतमा ब्रिटिश औपनिवेशिक शासनको अवधि भारतीयहरूमाथि धेरै अत्याचार, शोषण र दमन भएको मानिन्छ। कार्ल मार्क्सले यस अत्यचारको मुख्य कारण आर्थिक कारणलाई मानेका छन् । [९९] आर्थिक शोषणमार्फत गरिएको अत्यचारले गर्दा ब्रिटिस औपनिवेशिक कालमा भारतमा गरीबी झन् बढेर गएको थियो । यही ब्रिटिसहरूको आर्थिक औपनिवेशिकरणको परिणाम देश गरीबमाथि झन् गरीब बन्दै गयो भने जनताहरू दास सरह भएर गयो । यसर्थ ब्रिटिश औपनिवेशिक भारतीय भू-भागभित्र बढी रहेको गरीबी र भूखमरीप्रति दादा भाई नौराजीले चिन्ता व्यक्त गरेका थिए। [१००]

प्रारम्भमा इष्ट इण्डिया कम्पनी केवल एउटा व्यापारिक कम्पनी मात्र थियो । यस कम्पनीले भारतीय राजाहरूको सङ्‌रक्षण एवम् अनुमति लिएर भारतमा व्यापार गर्दथे। त्यससमय कम्पनीको मूख्य व्यापार भनेको नै विदेशबाट सुन- चाँदी भारतमा ल्याउनु अनि भारतबाट मसाला, सूतीको लुगा आदि विदेश लानु थियो। [१०१] पछि यस व्यापारमार्फत् गतिलो मुनाफा भएको अङ्ग्रेजहरूले बुझे । यही मुनाफाका कारण सन् १६७२ को अवधिमा भारतीय कारीगरहरूलाई यूरोपीय बजारहरूतिर उपयुक्त हुने थोकहरू बनाउने तालिम दिनलाई धेरै मात्रमा अङ्ग्रेज कारीगरहरूलाई भारतमा ल्याउने कार्य इष्ट इण्डिया कम्पनीले गरेको थियो । [१०२] यसरी कारीगरको रूपमा भारत पसेका अङ्ग्रेजहरूले पछि सोझा-सीधा भारतीयहरू माथि व्यापारको नाममा शोषण गरेको मानिन्छ। यसलाई अङ्ग्रेजहरूद्वारा भारतमा गरिएको आर्थिक औपनिवेशिक भन्न सक्छौं।

सत्रौँ शताब्दीको उत्तरार्द्धितिर अङ्ग्रेजहरूले भारतमा जमीनदारी प्रथालाई अझ शक्तिशाली बनाउँदै गएको मानिन्छ। यस अतिरिक्त किशानहरूमाथि नयाँ कर-नीति अङ्ग्रेजहरूले लागु गरे। यस नयाँ कर-नीतिको कारण स्वनिर्भर किसानहरूमाथि शोषणको नयाँ अध्याय शुरू भएको मान्न सकिन्छ। यसरी अङ्ग्रेजहरूकै विश्वासघाती कूटनीतिको फलस्वरूप भारतमा त्यससमय जमीनलाई सजिलैसँग किनबेच गर्न सकिने, वितरण हुने र बन्धक राख्न सकिने भयो। जमीनलाई अन्यसित

---

९८. राजेश गौतम, सन् २०१०, **भारतको आधुनिक इतिहास**, पूर्ववत्, पृ. सं. ९९-१०४।

९९. अभय प्रसाद सिंह(सम्पा.), सन् २०१४, **भारत में उपनिवेशवाद**, पूर्ववत्, पृ. सं. १३-१४।

१००. ए. आर. देसाई, सन् १९८१, **भारतीय राष्ट्रवाद की सामाजिक पृष्ठभूमि**, बम्बई, पृ. सं. ६३-६४।

१०१. ए. आर. देसाई, सन् १९८१, **भारतीय राष्ट्रवाद की सामाजिक पृष्ठभूमि**, पूर्ववत्, पृ. सं. ६४।

१०२. भी. डी. महाजन, सन् १९८०, **ब्रिटिश रूल इन इन्डीया एण्ड आफ्टर**, पूर्ववत्, पृ. सं. ७७।

किनबेच गर्न सकिने, वितरण हुने र बन्धक राख्न सकिने नियम सन् १७९३ मा लर्ड कर्नवालिसले लागु गरेको मानिन्छ। यही अधिनियमको फलस्वरूप ठूलो सङ्ख्यामा स्वनिर्भर किसानहरूलाई आफ्नो भूमिदेखि उच्छेद गर्ने कार्य तिनताक अङ्ग्रेजहरूले गरेका थिए।[१०३] स्वनिर्भर किसानहरूलाई यसरी विनाकारण आफ्नो भूमिदेखि उच्छेद गरिए पछि भारतीय किशानहरूमा शोषण मात्र नबडेर धरबार बिहिन भएको अनुभव गर्न सकिन्छ। भारतमा सन् १९३१ सम्म भूमिहीन किसानहरूको सङ्ख्या ३,३०,००० पुगेको थियो।[१०४]

वस्तुतः भारतको मानव ऊर्जालाई राष्ट्रीय अर्थनीतिको मूलधाराबाट च्यूत गरेर विस्थापित गर्दा अङ्ग्रेजहरूलाई त्यसको दोहोरो फायदा भएर गएको देखिन्छ। पहिलो परिणामअनुसार भारतमा ब्रिटिस औपनिवेशिक सत्ताको शक्ति तीव्र भएर गयो भने दोस्रो परिणाममा अङ्ग्रेज साम्राज्यवादी व्यवसायलाई विश्वभरि फैलाउने एजेन्ट मजदुरहरू प्रशस्त मात्रामा तयार भए गयो। यसबाट आर्थिक शोषणकै भरमा अङ्ग्रेजहरूले भारतमा सुनियोजित ढङ्गमा औपनिवेशिक कब्जा जमाउनमा सफल भएका प्रतीत हुन्छ। यसैको परिणामस्वरूप भारतीय ग्रामीण समाजको अर्थ-व्यवस्था पूर्णरूपमा ध्वस्त भएर गयो। त्यससमय जबसम्म भारतको ग्रामीण समाजको अर्थ-व्यवस्थालाई पूर्णरूपमा ध्वस्त गर्न सकिँदैन तबसम्म भारतमा आफ्नो उपनिवेशको जड़ बलियो रूपमा गाड़िन सम्भव छैन भन्ने गुढ़ सत्य अङ्ग्रेजहरूले बुझेका थिए। यसैअनुरूप भारतमा अङ्ग्रेजहरूले आफ्नो औपनिवेशिक शक्ति बढाउन हेतु विभिन्न कुटनीति, नीयमहरू बनाएको पनि मान्न सकिन्छ।

ब्रिटिस सरकारद्वारा भारतीयहरूको आर्थिक क्षमतालाई पूर्ण रूपमा हत्याउनलाई ब्रिटिस उपनिवेशवादको मुख्य तीनवटा चरणहरू रहेको थियो।[१०५] ती हुन्–

१) वाणिज्यिक

२) औद्योगिक र

३) वित्तीय।

वस्तुतः सत्रौँ र अठारौँ शताब्दीमा ब्रिटिस उपनिवेशवादको मुलभूत उद्देश्य भारतसित व्यापार सँगसँगै लूटपाट गर्नु पनि रहेको मानिन्छ। भारत स्वतन्त्रता पूर्वका अवधिसम्म पनि पुरानै परिपाटीको व्यापारिक र लूटजनीन कार्यलाई यथावत राख्दै भारतीय उपनवेशको प्रयोग ब्रिटेनमा उत्पादित थोकहरूलाई बिक्री गर्ने केन्द्रको रूपमा गरिएको देखिन्छ। पछि उन्नाइसौँ शताब्दीको उत्तरार्ध अनि बिशौँ शताब्दीको पूर्वार्द्धतिर भारतमा स्थित ब्रिटिस उद्योगपतिहरूले भारतमा पूँजी विनियोगको प्रक्रिया सुरू गरेको मान्न सकिन्छ। यसरी भारतमा पूँजी विनियोगको प्रक्रिया सुरू भएपछि झन् भारतीय श्रमिकहरू शोषणको शिकार हुन पुगेका थाहा पाइन्छ।

यसरी ब्रिटिसहरूका चरम दमन, शोषण र दबदबीमा रूष्ट हुँदै गएका भारतीयहरू उनीहरूका

---

१०३. भी. डी. महाजन, सन् १९८०, **ब्रिटिश रूल इन इन्डीया एण्ड आफ्टर**, पूर्ववत्, पृ. सं. ७६ – ७७।

१०४. **https://www.marxists.org. in** ०३ -०१-२०१७

१०५. अभय प्रसाद सिंह (सम्पा.), सन् २०१४, **भारत में उपनिवेशवाद**, पूर्ववत्, पृ. सं. ७५।

शोषणका पञ्जाबाट मुक्त हुनका निम्ति हरसमय सजग हुनथाले। कालान्तरमा त्यही आर्थिक शोषणकै कारण भारतीयहरू ब्रिटिश उपनिवेशवादको साङ्ग्लोबाट मुक्ति हुन अनि स्वतन्त्रता प्राप्तिको तीव्र भावनासँगै एक सङ्ग्रामी चेतना लिएर अग्रसर भएको मान्न सकिन्छ।

## २. ९. घ) धार्मिक औपनिवेशिकरणको सन्दर्भ-

ब्रिटिश औपनिवेशिकको विभिन्न कारणहरू मध्ये एउटा कारण ' धर्म ' लाई पनि मान्न सकिन्छ। सोह्रौँ शताब्दीमा भारतमा व्यक्ति, समाज तथा राज्यलाई भन्दा धर्मलाई मानिसहरूले धेरै विश्वास गर्थे। [१०६] त्यससमयका मानिसहरूले वर्तमान जीवनलाई भुलेर पुनःजन्म प्राप्त गरी मोक्ष प्राप्ति गर्ने उद्देश्य हृदयमा राख्थे। मूलतः त्यस समयको भारतीय समाज धर्म र यसको रूढिगत परम्पराहरूसित बाँधिएका मान्न सकिन्छ।

सन् १८१३ देखि ईसाई मिशनरीहरूको आगमन भारतमा भएको मानिन्छ। यी मिशनरीहरूको भारतमा आगमन भएपछि दिन-प्रतिदिन भारतमा धार्मिक क्रिया कलापसितै ईसाई धर्मको प्रभाव बढेर गएको देखिन्छ। इतिहासअनुसार सन् १८३७ को महामारीको समयमा धेरै भारतीयहरूलाई अङ्ग्रेजहरूले ईसाई बनाएको मानिन्छ। यसरी यी मिशनेरीहरूको गतिविधिहरू विस्तारै स्कूल, अस्पताल, जेल, बजार आदि हरेक क्षेत्रमा फैलिएर गएको देखिन्छ। यस अतिरिक्त ईसाई मिसनेरिहरूद्वारा त्यससमय खुल्ला रूपमा हिन्दू र मुस्लिम धर्महरू निन्दा पनि गरिन्थ्यो। [१०७] धर्मको निन्दा गर्नु मात्र नभएर अन्य धर्मका भारतीयहरूलाई अङ्ग्रेजहरूले लोभ र लालच देखाइ धर्म परिवर्तन गर्ने दिशामा समेत प्रेरित गर्दथे।

अङ्ग्रेज अधिकारी विलियम बैन्टिकले लागु गरेको कानूनअनुसार कुनै पनि भारतीयले यदि ईसाई धर्म स्वीकार गर्दछ भने उसलाई उसको पैतृक सम्पतिको पनि हकदार घोषित गरिन्थ्यो। [१०८] त्यससमय ईसाई धर्म अप्नाउने हिन्दू तथा मूस्लिमहरूलाई सरकारी नोकरी दिने गरिन्थे भन्ने जानकारी इतिहासकार शेखर बंद्योपाध्यले दिएका छन्। [१०९] यसरी सरकारी नोकरी पाउँने लोभमा फसिएर त्यससमय धेरै हिन्दू र मुस्लिम धर्मका अनुयायीहरू ईसाई धर्ममा पसेको मानन सकिन्छ। ईसाई मिशनेरीले स्कूलहरूतिर हिन्दू धर्मलाई किनारा गर्दै ईसाई धर्मकै शिक्षा दिने कार्यलाई विशेष जोड़ दिंदै बाइबलीय शिक्षालाई अनिवार्य गरिएको कुरो थाहा पाइन्छ। यसबाट शिक्षा जस्तो पवित्र

---

१०६. निलम त्रिपाठी, सन् १९८८, **जातीय चेतना : स्वतन्त्रयोत्तर ऐतिहासिक हिन्दी उपन्यास**, अप्रकाशित शोध-पत्र, वाराणसी, पृ. सं. १६७।

१०७. शेखर बंद्योपाध्याय, सन् २००९, **पलासी से विभाजन तक : आधुनिक भारत का इतिहास**, नई दिल्ली, पृ. सं. १७०-१७१।

१०८. भी. डी. महाजन, सन् १९८०, **ब्रिटिश रूल इन इन्डीया एण्ड आफ्टर**, पूर्ववत्, पृ. सं. १३८।

१०९. शेखर बंद्योपाध्याय, सन् २००९, **पलासी से विभाजन तक : आधुनिक भारत का इतिहास**, पूर्ववत्, पृ. सं. १७१।

बस्तुमा पनि ईसाई मिशनेरीले धर्मको कुटनीति खेलेको मान्न सकिन्छ । वस्तुतः अङ्ग्रेज मिशनेरीहरूका यस प्रकारको धार्मिक औपनिवेशिकरणगत गतिविधिहरूका कारण भारतीयहरू क्षुब्द बन्दै गएको पनि मानिन्छ ।

भारतीय समाजमा विद्यमान नारीहरूमाथि गरिने सती प्रथा जस्तो कुप्रथालाई कानून बनाई रोक्ने प्रक्रियामा अङ्ग्रेजहरूको हिन्दू धर्मको सक्दो आलोचना र ईसाई धर्म प्रचार र प्रसारको अभिष्ट रहेको देखिन्छ । इतिहासकार राधा स्वामीले बताएअनुसार सती-प्रथा जस्तो अमानवीय रूढीलाई अङ्ग्रेज शासकहरूले कानुनी चश्माले जाँच्दै 'जबर्जस्ती सती दिलाउनु' र 'आफ्नै स्वेच्छाले सती जानु' भन्ने दुईभिन्न-भिन्न कुराहरू हुन् भनेका छन् ।[११०] अङ्ग्रेज शासकहरूको यस्तो विवास्पद तर्कको कारण सती -प्रथालाई रोक्ने अभियानमा लागी परेका राजराम मोहनराय जस्ता अन्य थुप्रै भारतीय समाज सुधारकहरूलाई क्षुब्द बनेको मान्न सकिन्छ ।

वस्तुतः भारतीय औपनिवेशिक शासनलाई 'सभ्यताकरणको उद्देश्य' भनेर किटान गर्ने बाठा अङ्ग्रेजहरूले सती-प्रथा जस्तो अमानवीय कुरोलाई रोक लगाउनु भन्दा उल्टो धार्मिक आलोचनाको विषय बनाइदिएको बुझिन्छ । यसकै मार्फत् अङ्ग्रेजहरूले कसरी हुन्छ हिन्दू धर्मको सक्दो आलोचना गरी हिन्दू धर्मको तुलनामा आफ्नै ईसाई धर्मलाई उच्च र सभ्य ठहर गर्ने प्रयत्नलाई सफल तुल्याउँने प्रयास गरेको बुझिन्छ। यसर्थ अभय प्रसाद सिंहले भारतीय समाजमा ईसाई धर्मको प्रचार र प्रसारमा दिन रात एक गरी जुटेका तिनै ईसाई पादरीहरूले एकातिर सती प्रथाको विरोध जनाए झैं गरी यस प्रथाबाट बाँच्ने एक मात्र उपाय ईसाई धर्म नै हो भनेको बताएका छन् ।[१११]

सती प्रथालाई रोकथाम गर्ने प्रक्रियामा यसलाई कानुनी तर्कको माध्ययम आलोच्य विषय अङ्ग्रेजहरूले बनाएका थिए । अङ्ग्रेजहरूको यस कूटनीतिले एकातिर भारतीय समाज सुधारकहरूसितै अन्य धार्मिक विश्वासीहरूलाई चरम दुःखी तुल्याएका मानिन्छ । फलत: अङ्ग्रेजहरूको शासनमा आफ्नो राजकीय सङ्रक्षण तथा सम्मान गुमाइ सकेका मुल्ला, मौलवी, पुरोहित तथा साधु आदिहरूले समेत विभिन्न टोल्टोलहरूतिर गएर अङ्ग्रेजहरूका यस्ता धार्मिक आस्था र विश्वासका पक्षहरूमाथिको हस्तक्षेप जस्ता अनुचित क्रियाकलापहरूकाबारे मानिसहरूमा अङ्ग्रेजहरूका विरूद्ध जागरण फैलाउन थाले । साथै यसको विरोध गरिनु पर्ने जस्ता आह्वानमूलक विचार पनि उनीहरूले भारतीयहरूको हृदयमा फैलाउने कार्य गरेका थिए । यसरी कालान्तरमा अङ्ग्रेजहरूको यसै धार्मिक औपनिवेशिकरणको नीतिले पिढ़ित भारतीयहरूको हृदयमा अङ्ग्रेजहरूको औपनिवेशिक शासनको विरूद्ध विद्रोहको लहर उर्लेर आएको र त्यसले स्वाधीनता सङ्ग्रामको विराट रूप धारण गरेको थियो भन्ने प्रतीत हुन्छ ।

---

११०. राधा कुमार, सन् २००५, **स्त्री संघर्ष का इतिहास १८८०-१९९०**, नई दिल्ली, पृ. सं. २७ ।

१११. अभय प्रसाद सिंह, सन् २०१४, **भारत में उपनिवेशवाद**, पूर्ववत्, पृ. सं. ११८ ।

**२. ९. ङ) भाषिक तथा सांस्कृतिक औपनिवेशिकरणको सन्दर्भ-**

भाषालाई विश्वका कुनैपनि समाजमा बस्ने जातिको प्राण मानिन्छ भने संस्कृतिलाई मानव समाज र राष्ट्रको आत्मा मानिन्छ। यी दुवैलेकुनै पनि व्यक्ति, जाति र समाजको परिचय दिदछ। संस्कृतिमा जातीय मौलिक व्यवहार र आफ्नै माटोका उपज कलाकौशलको मुख्य स्थान रहेको हुन्छ। संस्कृतिभित्र कला, साहित्य, धर्म, दर्शन, इतिहास, भाषा तथा मानिसका दैनिक जीवनको यावत् विषयहरू; मूल्य, मान्यता, परम्परा, रीति-रिवाज, चाल-चलन, चाड-पर्व, धार्मिक विश्वास, लोकजीवन आदि पर्दछन् । यसर्थ संस्कृति सम्पूर्ण समाजको समाजभित्रका यावत् विषयको प्रतिबिम्बित रूप हो। कुनै पनि राष्ट्र वा जातिका कला-कौशल, बौद्धिक विकास र चिन्तन आदिमा प्रकट हुने समग्र क्रियाकलापको परिष्कृत रूपलाई संस्कृति भन्न सकिन्छ। समाजमा परम्परागत रूपमा चली आएको भाषा र स्व-सांस्कृतिक अभ्यासका प्रक्रियालाई यदि अन्य स्रोतबाट तुच्छ दृष्टिकोणले मूल्याङ्कन गरिन्दै अर्कै नयाँ भाषा रसंस्कृतिलाई थोपी शोषण गरिने प्रयास गरिन्छ भने त्यसलाई भाषिक सांस्कृतिक औपनिवेशिकरण भन्न सकिन्छ। वर्तमानमा उपनिवेशवादको प्रभाव अन्य सन्दर्भमा भन्दा सांस्कृतिक सन्दर्भमा बढी रहेको देखिन्छ। शक्तिशाली राष्ट्रले निर्बल राष्ट्रमाथि उपनिवेश वा प्रभुत्व जमाउनकालागि अपनाएका नीति, विचार र धारणाहरूले भौगोलिक सीमा वा परिधिलाई मात्र नभएर संस्कृतिक जीवनलाई नै अर्को प्रवाहमा बगाउन सक्छ । यस प्रकार उपनिवेशवादमा सांस्कृतिक पक्षका बिषयहरू चर्चा योग्य हुने देखिन्छ।

भारतमा अङ्ग्रेजी शासनको प्रभावले यहाँको परम्परागत शिक्षा-दीक्षा तथा संस्कृतिमा परिवर्तण आएको मानिन्छ। चार्लस ग्रान्ट जो एक कम्पनी सरकारको अङ्ग्रेज अधिकारी थिए अनि जसले भारतमा अङ्ग्रेजी शिक्षा- दीक्षाको प्रणालीलाई सुरूवात गर्ने कार्यमा अधिक चासो राख्थे तर उनी भन्दा पहिले नै थोमस बेबिङ्टन मेकाउले नामक अङ्ग्रेज विद्वानको उद्योगमा सन् १८३४ मा नै ब्रिटिस संसदमा पेश भएको **माइन्युट अव् इन्डियन एजुकेसन** नामक कार्यपत्रले उक्त कार्यलाई भारतमा सञ्चालन हुनमा सफलता दिलाएको थियो । [११२] अतः यस कार्यपत्रले ब्रिटिश उपनिवेशकालीन भारतमा चलेको ब्रिटिस शिक्षानीतिलाई परिवर्तन गर्नमा अहम भूमिका निर्वाह गरेको मान्न सकिन्छ। यसैको परिणाम स्वरूप सन् १८३४ पछि भारतीयहरूलाई अङ्ग्रेजी भाषा र संस्कृतिको तालिम दिने ढाँचा तयार भएको पनि मानिन्छ। कलान्तरमा गएर मेकाउलेको यसै सुझाउअनुसार लागू गरिएको शिक्षापद्धतिको फलस्वरूप नै भारतीय मूलकमा तथाकथित बाबु भनिएर सम्बोधन गरिन पर्ने 'मध्यश्रेणी' का व्यक्तिहरूको समाज निर्माण गर्दै केही हजार ब्रिटिशहरूले करोड़ौं भारतीयहरूमाथि अझ कसिलो गरी राजनैतिक र आर्थिक प्रभुत्व जमाउन समर्थ भएका कुरो सञ्जीव उप्रेतीले जनाएका छन्। [११३] यसरी अङ्ग्रेजी भाषा र संस्कृतिको प्रभावले भारतीयहरू पाश्चत्य संस्कृतिमा होमिन्दै गए। यसरी पाश्चात्य संस्कृतिमा मुछिएपछि आफ्नो

---

११२. राम चन्द्र प्रधान, सन् २०१७, **कोलोनियालिज्म इन इण्डिया**, न्यू दिल्ली, पृ. सं. १४९।

११३. सञ्जीव उप्रेती, सन् २०१२, **सिद्धान्तका कुरा**, पूर्ववत्, पृ. सं. १९५।

परम्परागत संस्कृतिलाई भारतीयहरूले राम्रोसँगले उपभोग गर्न नसक्केको मान्न सकिन्छ । फलतः भारतीयहरूमा युरोपीय संस्कृतिप्रति पछि घृणा उत्पन्न भएर गयो । परतन्त्र देशको संस्कृति राजनीतिबाट स्वतन्त्र रहन नसक्ने हुनाले भारतमा स्वाधीनताको समयमा तीन थरीका मानिसहरू संस्कृतिलाई मान्ने समाजमा विद्यमान थिए।[११४] ती हुन्–

क) एक पक्षका मानिसहरू (युवकहरू) पाश्चात्य संस्कृतिलाई सदैव भारतमा अप्नाइ राख्न चाहन्थे ।

ख) एक पक्षका मानिसहरू भारतीय संस्कृतिलाई मात्र सदैव भारतमा कायम राख्न चाहन्थे । यस वर्गमा समाज सुधारकहरू पर्थे।

ग) अर्का पक्षका मानिसहरू दुवै पाश्चात्य र भारतीय संस्कृतिका राम्रा पक्षहरूलाई ग्रहण गरी यसलाई भारतमा बचाइराख्न चाहन्थे । यस वर्गमा राजा राममोहन राय, स्वामी विवेकानन्द, रानाडे, ईश्वरचन्द्र विद्यासागर आदि पर्दथे ।

अतः उपर्युक्त कुराहरू संस्कृति विषयक देखा पर्ने तीन थरिका भारतीयहरूले कालान्तरमा एक मुष्ठ भई ब्रिटिसहरूका सांस्कृतिक औपनिवेशिकरणको पक्षहरूलाई खुल्ला विरोध जनाएको थाहा पाइन्छ । मूलत: अङ्ग्रेजी संस्कृतिको प्रभावले भारतमा बस्ने सम्पूर्ण जातिका संस्कृतिलाई समेत कत्तिसम्म प्रभावित तुल्याएको थियो भन्ने कुराको जानकारी भारतीय नेपाली कवि पं. दिलूसिंग राईद्वारा रचित निम्न पङ्क्तिले पनि आभास गराउँदछ -

*भारतको बासिन्दा अंग्रेजी राज्यमा अंग्रेजी ढंग झीकी।*
*ढोक गर्ने बेलामा हस्तसमाई झटकार्छन गुडमानिं भन्नसीकी।।१८०।।*[११५]

यसरी औपनिवेशिक संस्कृतिभित्र आफ्नो परिचय सधैं कुण्ठित रहेको हुन्छ भन्ने धारणा बुझाउँदै उपनिवेशवादी अङ्ग्रेजहरूका विरूद्ध भारतीय स्वतन्त्रताको आन्दोलनमा गान्धीजीले अङ्ग्रेजी भाषा र संस्कृतिको अनुकरण गर्न छोडी स्वदेशी तथा आफ्नै मुलुकका सर्वसाधारणहरूले लगाउने भेषभूषाहरू लगाउन आह्वान गरेको थाहा पाइन्छ ।

उपनिवेशकहरूले आफ्ना उपनिवेशहरूमा सांस्कृतिक रूपमा आफूलाई विशिष्ट देखाउँदै युरोपीय संस्कृति, संस्कार, शिक्षा, भाषा, साहित्यादि क्षेत्रमा विभिन्न प्रकारले बढावा दिंदै गएका मानिन्छ । उनीहरूले उक्त मुलुकका सभ्यता, संस्कार, भाषा, साहित्य अनि इतिहासलाई नष्ट समेत पार्ने कोशिष गरेका तथ्यहरू पाइन्छन् । यसरी पश्चिमेलीहरूले पूर्वेली-भारत, चीन, टर्की आदि देशबारे आफ्नै ढङ्गमा गरेका अनौठो र तर्कहीन अध्ययन व्याख्यादिको परिणामस्वरूप स्थानीय बहूआयामिक देशी संस्कृति समेत विलिन हुँदैगएको मान्न सकिन्छ । यसर्थ मोहनराज शर्मा र खगेन्द्रप्रसाद

---

११४. नीलम त्रिपाठी, सन् १९८८, **जातीय चेतना : स्वतन्त्रयोत्तर ऐतिहासिक हिन्दी उपन्यास**, पूर्ववत्, पृ. सं. १७८ ।

११५. पं. दिलूसिंग राई सन् १९६९, **वि. सं. १९५६ सालको पैह्रोको सवाई**, दार्जीलिङ, पृ. सं. २१ ।

लुइँटेलले औपनिवेशिकदेखि उत्तर औपनिवेशिक कालसम्म आइपुग्दा अङ्ग्रेजी भाषामै लेखिएका कृतिहरूले मात्रै बढ़ी सम्मान, महत्व र चर्चा पाएको बताएका छन् ।[११६] यसो हुनको मूल कारण त्यससमयको अङ्ग्रेज औपनिवेशिक वर्चस्वलाई मान्न सकिन्छ । अङ्ग्रेजहरूले आफ्नो शक्तिको भरमा अन्य भाषाका साहित्य, संस्कृतिलाई दबाउँदै आफ्नो भाषा र संस्कृतिलाई मात्र महत्व दिने गर्थे ।

अङ्ग्रेज उपनिवेशकहरूले भारतमा मात्र नभएर सम्पूर्ण विश्वमा नै आफ्नो शक्ति प्रदर्शन गरेको मानिन्छ । यसको उदाहरणको रूपमा केन्याली लेखक न्गुगीलाई लिन सकिन्छ । केन्याली लेखक न्गुगी आफ्ना अङ्ग्रेजी उपन्यासहरूका लेखनद्वारा विश्वमा चर्चित बनिसकेका थिए । तर उनको लेखनमाथि अङ्ग्रेज उपनिवेशकहरूले रोक लगाएको मानिन्छ । यसर्थ न्गुगीले आफ्नो अफ्रीकी भाषामा नै अफ्रीकी साहित्य लेख्नु पर्ने कुरोलाई समर्थन जनाउँदै यसको लागि चरम सङ्घर्ष गरेसाथै सन् १९७७ देखि अङ्ग्रेजी भाषामा आफ्ना लेखन कार्यलाई समेत तिलाञ्जली दिएका थिए ।[११७] यसबाट उपनिवेशकहरूले कसरी आफ्ना उपनिवेशहरूमा भाषिक अतिक्रमण गरेका थिए अनि पछि औपनिवेशिक राष्ट्रहरूले स्वतन्त्रता प्राप्तगरेपछि त्यहाँका बौद्धिक समाजले विगतको दमनकारी औपनिवेशिक अतीतलाई भूल्न चाहाँदै आफ्नो साहित्य सिर्जनाको क्षेत्रमा नयाँ परिवेशको परिकल्पना गर्न थालेको भन्ने कुरालाई पुष्टिगर्दछ ।

उपनिवेशवादी राष्ट्रहरूले निजी स्वार्थको निम्ति प्रयोग गरेका इतिहास, साहित्य, संस्कृति तथा भाषा साहित्यको अध्ययन र व्याख्यादिलाई पछिबाट उपनिवेशित मुलुकका विद्वान् चिन्तक, गंवेषक आदिले पुनः स्वसंस्कृति, स्वभाषा र स्वसाहित्यको महत्व बुझाउँदै सो बिषयहरूको अध्ययन र विश्लेषण गर्ने कार्यहरू आरम्भ गरेको बुझिन्छ। उपनिवेशवादका दीर्घगामी सांस्कृतिक प्रभावका कारणले कैयौं मानिसको मनमा अझसम्म पनि युरोपेली संस्कृति र साहित्य हाम्रा आफ्ना सांस्कृतिक परिपाटी र साहित्यभन्दा उच्च छन् भन्ने धारणा विद्यमान रहि आएको देखिन्छ। भारतीय स्वतन्त्रता सङ्ग्रामको समयमा ब्रिटेनका सांस्कृतिक तथा व्यापारिक वस्तुहरूको बहिस्कार गरिने कार्य भए तापनि वर्तमानमा इन्टरनेट, इमेल र सेटेलाइट टेलिभिजनबाट प्रभावित समसायिक विश्वव्यापी संस्कृति, पश्चिमेली साहित्य, संस्कृति, पोसाक तथा खानपानका तरिकाहरूप्रति झुकाउ रहेको देखिन्छ । यसका साथै बालक-बालिकाहरू पढ़न जाने नर्सरी स्कूलहरूको स्थापनाको सङ्ख्यामा दैनन्दिन बड़ोत्तरी हुँदै आउने घटनाहरूले पश्चिमेली सभ्यता आफ्ना स्थानीय परम्पराभन्दा बढी सभ्य र राम्रा छन् भन्ने विचारबाट औपनिवेशिक संस्कृतिकै एकाधिकार कायम रहेको बुझ्न सकिन्छ । अतः सांस्कृतिक औपनिवेशिकताका पुराना स्वरूपहरू आज पनि पूर्णरूपमाविलिन नभएर केवल परिमार्जित र रूपान्तरित मात्र भएका छन् भन्न सकिन्छ ।

---

११६. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल, सन् २००४, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, पूर्ववत्, पृ. सं. ३८१ ।

११७. प्रणय कृष्ण, सन् २००८, **उत्तर औपनिवेशिकता के स्रोत और हिन्दी साहित्य**, पूर्ववत्, पृ. सं. ३० ।

## २. १० निष्कर्ष-

संस्कृत भाषाको मूल शब्द 'उपनिवेश' लाई नेपाली भाषामा प्रभाव, प्रभुत्व, आधिपत्य आदिको रूपमा प्रयोग गरिएको पाइन्छ । 'उपनिवेश' शब्द लेटिन भाषाको 'कोलोन्स' (किसान वा फार्मर) शब्दबाट बिकसित भएको 'कोलोनी' शब्दको रूपान्तर हो । मूलरूपमा 'उपनिवेश' भन्नाले कुनै एउटा स्थायी व्यवस्थालाई नयाँ प्रभावशाली व्यवस्थाले थिचेर, डाकेर, किनारीकृत गरेर आफ्नो आधिपत्य जमाउनु तथा प्रभुत्व खडा गर्नु भन्ने बुझिन्छ।

मूलतः उपनिवेश कायम गर्ने घटना आधुनिक युगको नयाँ नीति होइन। यसले मानवीय सभ्यताको उद्भवदेखि नै आफ्नो लक्षण देखाउँदै आएको हो । उपनिवेश बनाउने-बसाल्ने घटना इतिहास अध्ययन गर्दा कतिपय उपनिवेशकहरूले सैन्य शक्तिद्वारा उपनिवेश बनाएका - बसालेको देखिन्छ । साथै कतिपयले भाषा, संस्कृति र धर्मको माध्यम उपनिवेश खडा गरेका देखिन्छन् । भारतको प्रसङ्गमा ब्रिटिस उपनिवेशकहरूले यी दुवै थरीका उपनिवेशीकरणको नीति अप्नाएका देखिन्छन् । अत: ब्रिटिसकालीन भारतमा दार्जीलिङ क्षेत्र पनि ब्रिटिश उपनिवेशीकरणको चक्रान्तमा पिसिएको तथ्यहरू विविध ऐतिहासिक दस्तावेजहरूको अध्ययनबाट थाहा पाइन्छ ।

विभिन्न शब्दकोशहरूअनुसार 'उपनिवेश' भन्नाले कुनै नयाँ मुलुकका वासिन्दाले कुनै नयाँ क्षेत्र तथा मुलुकमा आएर बसोबास सुरू गरेपछि पछिबाट त्यहाँ शासन गर्नु नै त्यहाँ उपनिवेशको स्थापना हुनु हो भन्ने बुझिन्छ । वास्तवमा यो शक्तिशाली मुलुकहरूले निर्बल मुलुकहरूलाई शासनर्नाहेतु स्थापित एउटा व्यवस्था विशेष हो । मूलतः जब एउटा शक्तिशाली मुलुकले अर्को दुर्बल मुलुकलाई आफ्नो नियन्त्रणमा राखी त्यसलाई विविध पक्षबाट शोषण गर्दै आफ्नो शक्ति प्रदर्शनको माध्ययम बनाउँदछ भने पराधीन त्यस मुलुकलाई शासक मुलुकको 'उपनिवेश' अनि शासकलाई चाहिँ 'उपनिवेशक' भनिने गरिन्छ । तथापि कुनै उपनिवेशबाट भौतिक वस्तुहरूको प्राप्ति, कुनै उपनिवेशबाट मानव श्रमको उपभोग इत्यादि कुरोहरू उपनिवेशकहरूले आफ्नो राजनैतिक र आर्थिक सामार्थ्ययको क्षमतामा भोग गर्ने गरेका देखिन्छ। वस्तुतः उपनिवेशहरू मूलत दुई प्रकारका हुन्छन् । ती हुन्- बिन्दु उपनिवेश र क्षेत्रीय उपनिवेश । 'बिन्दु उपनिवेश' भन्नाले विशाल समुद्रका बीचमा रहेका साना टापु तथा ठूला महाद्वीपका साना प्रदेशहरू हुन् भने 'क्षेत्रीय उपनिवेश' आर्थिक तथा राजनैतिक कारणले नियन्त्रण गरिएको भू-प्रदेश हो ।

संस्कृत भाषाको उपनिवेश शब्दमा 'वाद' जोड़ेर बनेको 'उपनिवेशवाद' अङ्ग्रेजी भाषाको कोलोनीयल शब्दमा 'इज्म' लागेर कोलोनियालिज्म शब्दको पर्यायको रूपमा नेपाली भाषामा चलिआएको शब्द हो । यसको अर्थ औपनिवेशिक सिद्धान्त वा विचार भन्ने हुन्छ। विभिन्न विद्वानहरूले उपनिवेशवादलाई राजनैतिक प्रमुख अथवा विदेशी राजनैतिक शासन कै रूपमा मानेका भए तापनि उपनिवेशवाद मूलरूपमा औपनिवेशिक हित वा नीतिहरू, औपनिवेशिक संस्कृति व समाज, औपनिवेशिक विचार वा सिद्धान्तहरूका माध्ययम शासन र शोषणको दिशामा क्रियाशील रहने एक प्रक्रिया हो । कोही समय उपनिवेशवाद एवम् साम्राज्यवाद शब्दको प्रयोग समानार्थी

शब्दको रूपमा प्रयोग भएको पाइन्छ। यसरी नै उत्तरऔपनिवेशिक सिद्धान्तभित्र जीवन – जगतका विभिन्न पक्षका चर्चालाई ठाँउ दिइएको पाइन्छ । दासत्व, दमन प्रतिरोध, देशान्तरण प्रतिनिधित्व, मत वैभिन्यता, जाति, लिङ्ग, स्थान, इतिहास अनि भाषा आदिमाथि साम्राज्यवादी युरोपीय वक्तव्यको प्रतिक्रिया आदि जस्ता कुराहरू यसमा पर्दछन् ।

विश्वको औपनिवेशिक इतिहासलाई अध्ययन गर्दा शक्तिशाली मुलुकहरूले दुर्बल मुलुकहरूमा उपनिवेश स्थापना गरी औपनिवेशिकरण प्रक्रियाको थालनीको घटना आधुनिक युगमा आएर मात्र प्रारम्भ भएको होइन। मानव सभ्यताको प्रारम्भदेखि नै जीवविज्ञानको एक प्रतिपादन 'सर्भाइबल टू द फिटेस्ट' अर्थात् जो बलियाहरू छन् उही बाँच्तछन् भने झैँकतिपय अति महत्वाकाङ्क्षी जाति एंव साम्राज्यवादी देशले आफ्ना सीमालाई नाघेका र आफूलाई फैलाएका दृष्टान्तहरूसितै औपनिवेशिकरण प्रक्रियाको इतिहास पनि शुरू भएको मानिन्छ। प्रथमतः सुमेरूहरू अनि पछि इजिप्सियन, फिनिसियन, इजियन, चिनियाँ, भारतीय, ग्रीक, पर्सियन र मङ्गोलहरूले प्राचीन तथा मध्ययुगमा अन्य मुलुकहरूमाथि विजय गर्दै आफ्नो प्रभुत्व बढ़ाए पछि ती जितेकाक्षेत्रहरूमा आ-आफ्ना उपनिवेश कायम गर्दै गएको जानकारी विविध ऐतिहासिक विवरणहरूका अध्ययनबाट थाहा पाइन्छ । मूलरूपमा कुनै दुर्बल मुलुकका वासिन्दालाई शक्तिशाली मुलुकले आफ्नो प्रभुत्व जमाउन हेतु जबर्जस्ती प्रयोग गरेका नीति वा विचारगत आधारहरू नै औपनिवेशिकरण सन्दर्भका आधारहरू भन्ने हुन् ।

अतः आधिपत्य जमाउने उद्देश्यले कुनै कुरो जबरजस्ती थोप्नु नै 'औपनिवेशिकरण' हो । यसको प्रभाव आर्थिक एवम् राजनैतिक क्षेत्रहरूमा मात्रै नपरेर व्यक्ति, समाज आदिको सोंच र मानसिकतामाथि पनि भर पर्दछ । औपनिवेशकरणले एउटा क्षेत्र र सीमा र त्यहाँका जनजीवनलाई मात्र प्रभाव नपारेर अरू व्यापक क्षेत्रमा भाषा, साहित्य, संस्कृति, धर्म, राजनीतिक क्षेत्रहरूमा पनि प्रभावित तुल्याउन सक्छ । मूख्यरूपले सामाजिक, राजनैतिक, आर्थिक, धार्मिक, भाषिक तथा सांस्कृतिक आदि क्षेत्रमा औपनिवेशिकरणको सन्दर्भ देख्न पाइन्छ ।

चूडान्तमा उपनिवेशवादी राष्ट्रहरूले आफ्नो निजी स्वार्थको निम्ति प्रयोग गरेका इतिहास, साहित्य, संस्कृति तथा भाषा आदिको अध्ययन र व्याख्यादिलाई पछिबाट उपनिवेशित मुलुकका विद्वान, चिन्तक, गंवेषक आदिले पुनः स्वसंस्कृति स्वभाषा र स्वसाहित्य जगेराको निमित्त देशी अध्ययन र विश्लेषण गर्ने कार्यहरू आरम्भ गरिसकेका छन् । तर उपनिवेशवादको दीर्घगामी सांस्कृतिक प्रभाव कैयौं मानिसको मनमा अझसम्म पनि युरोपेली संस्कृति र साहित्य निजी सांस्कृतिक परिपाटी र साहित्यभन्दा उच्च छन् भन्ने धारणामा रहेको देखिन्छ।